# प्रभाव दैनिक

National Daily

वर्ष १२ | अंक ३३४ | काठमाडौं | शुक्रबार, २० चैत २०८२ | Prabhab National Daily | Friday, 03 April 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com


निजी सञ्चार माध्यमलाई विज्ञापन नदिन सरकारको उर्दी

# निर्णय फिर्ता नलिए प्रतिवादमा उत्रने

# सञ्चार उद्यमीदेखि श्रमजीविको चेतावनी

उक्त निर्णय तत्काल पुनरावलोकन गरी खारेज गरियोस् । सरकारी विज्ञापन वितरण प्रणालीलाई संविधान सम्मत, कानुनी मापदण्डमा आधारित, पारदर्शी, समावेशी तथा प्रतिस्पर्धात्मक बनाइयोस् । सञ्चार क्षेत्रका सरोकारवालाहरु, पेशागत संघ संस्थाहरु तथा विज्ञहरूसँग औपचारिक परामर्श गरी दीर्घकालीन न्यायोचित र सन्तुलित नीतिगत ढाँचा निर्माण गरियोस् ।

**भास्कर राज राजकर्णिकार**
**अध्यक्ष, मिडिया एलाइन्स नेपाल**

सबै तह र प्रकृतिका सरकारी निकायहरूले सरकारी सञ्चार माध्यमहरूमा मात्र सूचना प्रकाशन तथा प्रशारण गर्नु पर्ने र ती सरकारी सञ्चार गृहहरूमा पनि सिधै भुक्तानीको व्यवस्था गर्नु पर्ने हुँदा अन्तराष्ट्रिय रूपमा स्थापित र नेपालमा पनि औद्योगिक स्वरूप धारण गरिसकेको विज्ञापन तथा सञ्चार उद्योगलाई सरकारी नियन्त्रण र अंकुश लाग्न पुगेको छ

**सुदिप थापा**
**अध्यक्ष, नेपाल विज्ञापन संघ**

राज्यले सहुलियत र प्रोत्साहन दिनुपर्नेमा उल्टै विज्ञापन रोक्ने निर्णयले साना लगानीका मिडिया तथा एफएम/रेडियाहरु बन्द हुने अवस्थामा पुगेका छन् । सरकारले सरोकारवालाहरूसँग कुनै छलफल नगरि आएको निर्णयले सञ्चारकर्मी तथा लगानीकर्ताको मनोबल गिराएको छ ।

**कुमार भट्टराई**
**अध्यक्ष, ब्रोडकास्टिङ एसोसिएसन अफ नेपाल**

**प्रभाव संवाददाता**

**काठमाडौं–** लगानीको वातावरण बनाउने र रोजगारी सिर्जना गराउने वाचासहित सत्तामा पुगेको राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा)को सरकारले निजी सञ्चार माध्यमलाई विज्ञापन रोकेर घाँटी निमोठ्ने कदम चालेपछि चौतर्फी विरोध शुरु भएको छ । खुला तथा स्वतन्त्र रूपमा प्रकाशन हुँदै आएको विज्ञापन बुधबार एकपक्षीय रूपमा प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयबाट अब सरकारी माध्यममात्र दिन परिपत्र गरेसँगै निजी सञ्चार माध्यम उद्योगी आवद्ध संस्थाबाट विरोध शुरु भएको हो ।

मिडिया एलाइन्स नेपालले सरकारको निर्णयप्रति गम्भीर आपत्ति जनाउँदै यसखाले कदम प्रतिस्पर्धात्मक बजारलाई समाप्त पार्ने चाल भएको जनाएको छ । 'सरकारी निकायहरूले आफ्ना सूचना तथा विज्ञापनहरू सरकारी स्वामित्वका सञ्चार माध्यमहरूबाट मात्र प्रकाशन तथा प्रसारण गर्नुपर्ने व्यवस्था गरिएकोप्रति मिडिया एलाइन्स नेपालको गम्भीर आपत्ति तथा ध्यानाकर्षण भएको छ,' एलाइन्सका अध्यक्ष भास्कर राज राजकर्णिकारले विज्ञप्ति जारी गर्दै भनेका छन् ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय बुधबार सरकारी खर्चमा मितव्ययिता कायम गर्न, सरकारी विज्ञापन तथा सूचना प्रकाशन र प्रसारण सरकारी स्वामित्वका सञ्चार माध्यममामात्र गर्न परिपत्र गरेको हो । सरकारको यो निर्णय नागरिकको सूचना प्राप्त गर्ने मौलिक हकलाई संकुचित गर्नुका साथै सञ्चार क्षेत्रभित्र असमानता र विभेद सिर्जना गर्ने कार्य भएको विज्ञप्तिमा भनिएको छ । नेपालमा सञ्चार क्षेत्र लोकतान्त्रिक अभ्यासमा निजी, सामुदायिक तथा सार्वजनिक सबै माध्यमहरूको समान भूमिका रहँदै आएको उल्लेख गर्दै एलाइन्सले सरकारका निर्णयले कमजोर बनाउने उल्लेख गरिएको छ । 'कोभिड - १९ पछिको आर्थिक मन्दीलगायतका कारणले अझै पुनः स्थापनाको चरणमा रहेका निजी सञ्चार माध्यमहरूलाई यस्तो निर्णयले थप कमजोर बनाउने स्पष्ट देखिन्छ,' विज्ञप्तिमा भनिएको छ ।

यसले प्रतिस्पर्धात्मक वातावरण समाप्त हुने, निजी तथा सामुदायिक सञ्चार माध्यमहरूको आर्थिक आधार कमजोर हुने, सञ्चारकर्मीहरूको रोजगारीमा प्रत्यक्ष असर पर्ने, तथा नागरिकको बहुलवादी सूचना पहुँचमा गम्भीर क्षति पुग्नेछ एलाइन्सको ठहर छ ।

क्रमशः पृष्ठ २ मा

## पत्रकार महासंघ तथा संगठनहरूको विरोध

सरकारी विज्ञापन सरकारी सञ्चारमाध्यममा मात्र प्रकाशन/प्रसारण गर्ने परिपत्रप्रति नेपाल पत्रकार महासंघले विरोध जनाएको छ । महासंघका महासचिव रामप्रसाद दाहालले बिहीबार विज्ञप्ति जारी गर्दै यो निर्णय तत्काल फिर्ता गर्न माग गरेका छन् ।

'निजी सञ्चारमाध्यमलाई सरकारी विज्ञापन रोक लगाउने सचिवस्तरीय निर्णयप्रति महासंघ गम्भीर असहमति र आपत्ति प्रकट गर्दछ । यो निर्णयबाट निजी सञ्चारमाध्यम बन्द भई श्रमजीवी पत्रकारहरूको रोजीरोटी खोसिने स्थिति एकातिर सृजना भएको छ भने अर्कोतिर प्रेस सेन्सरशीपको अवस्था सिर्जना भई आवाजविहीनको आवाज बनिरहेको स्वतन्त्र पत्रकारितामा प्रत्यक्ष असर पर्ने महासंघको ठहर छ,' विज्ञप्तिमा भनिएको छ, 'संविधानप्रदत्त पूर्ण प्रेस स्वतन्त्रता, उदारवादी अर्थ नीति र संघीयताको मर्मविपरितको निर्णय तत्काल फिर्ता लिन महासंघ सरकारसँग जोडदार माग गर्दछ । अन्यथा महासंघ स्वतन्त्र प्रेस नियन्त्रण गरी सूचना एकाधिकार लाद्ने सरकारी निर्णय अस्वीकार गर्दै समग्र सञ्चारजगतको नेतृत्वसाथ प्रतिवादमा उत्रन बाध्य हुनेतर्फ सचेत गराउँदछ ।' नेपाल प्रेस युनियनले पनि यो निर्णयप्रति गम्भीर आपत्ति जनाएको छ ।

क्रमशः पृष्ठ २ मा

# कार्की आयोगको प्रतिवेदन चार दललाई अस्वीकार्य






**जेबी योञ्जन**

**काठमाडौं–** भदौ २३ र २४ गते भएको जेन-जी विद्रोहसम्बन्धी घटनाको जाँचबुझ गर्न गठित गौरीबहादुर कार्की आयोगको प्रतिवेदनप्रति प्रतिनिधिसभाका चार विपक्षी दलले असहमति जनाउँदै औपचारिक रूपमा अस्वीकार गरेका छन् ।

प्रतिवेदनलाई एकपक्षीय, अधुरो र प्रतिशोधपूर्ण भन्दै नेपाली कांग्रेस, नेकपा एमाले, श्रम संस्कृति पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले प्रतिवेदनमाथि गम्भीर प्रश्न उठाएका हुन् ।

बिहीबार नवगठित प्रतिनिधिसभाको पहिलो बैठकमा बोल्दै नेपाली कांग्रेसका सांसद भीष्मराज आङदेम्बेले भदौ २३ को घटनाको अनुसन्धान गर्ने तर २४ को ध्वंशको अनुसन्धान नगर्ने प्रवृत्तिले सत्यलाई ढाकछोप गर्ने प्रयास भएको टिप्पणी गरे । उनले भने, 'किन खरानी भयो संसद् भवन ? किन जल्यो सिंहदरबार ? किन ध्वस्त बनाइए राज्यका महत्वपूर्ण संरचना ? यी प्रश्नहरूको जवाफ खोज्न जरुरी छ । कसैले २३ गतेको घटना मात्रै देख्ने, कसैले २४ गतेको मात्रै देख्ने, यो प्रवृत्ति एकदम गलत छ ।'

उनले कार्की आयोगको कार्यशैलीमाथि प्रश्न उठाउँदै थपे, '२३ गतेको घटनामा अनुसन्धान गरेर कारबाही सिफारिस गर्ने तर २४ गतेको घटनाको अनुसन्धान गर्न समय पुगेन भन्ने कस्तो तरिका हो ? पटक-पटक समय थप्दै जाने तर अनुसन्धान गर्न समय पुगेन भन्न मिल्छ ?' आङ्देम्बेले सरकारले आयोगको प्रतिवेदन औपचारिक रूपमा सार्वजनिक गर्नुपर्ने माग गर्दै पारदर्शिताको आवश्यकता औंल्याए ।

सरकारले औपचारिक रूपमा कार्की आयोगको प्रतिवेदन सार्वजनिक गरेको छैन । सार्वजनिक गर्ने निर्णय भने चुनावी सरकारकी प्रधानमन्त्री सुशीला कार्कीले गरेकी थिइन् । तर, जनआस्था साप्ताहिकबाट प्रतिवेदन सार्वजनिक भएपछि नैतिक दबाबमा सरकार पर्‍यो । यद्यपि, सोही प्रतिवेदनले गरेको सिफारिसका आधारमा तत्कालीन प्रधानमन्त्री तथा एमाले अध्यक्ष केपी शर्मा ओली र उनका सरकारका गृहमन्त्री रमेश लेखक पक्राउ परेका छन् । प्रतिवेदनलाई भने रास्वपाबाहेकका दलहरू, नागरिक समाज, बुद्धिजीवीलगायतले अस्वीकार गरेका छन् । यस्तोमा बसेको प्रतिनिधिसभाको पहिलो बैठकमा एकपक्षीय प्रतिवेदन भन्दै कांग्रेस सांसद आङ्देम्बेले अस्वीकार गरेका हुन् । प्रतिवेदनको निष्पक्षतामाथि प्रश्न गरे ।

प्रतिनिधिसभा बैठकमै बिहीबार एमालेका कार्यवाहक अध्यक्ष रामबहादुर थापाले आयोगको प्रतिवेदनलाई राजनीतिक पूर्वाग्रहबाट प्रेरित भएको आरोप लगाए । उनले भने, 'तथ्यहरूले देखाउँछन् कि विभिन्न शक्ति केन्द्रहरू, प्रशासनिक संयन्त्र, संस्थागत संरचना र बाह्य प्रभावहरूले घटनालाई प्रभावित गरेका थिए । तर आयोगले ती पक्षलाई बेवास्ता गर्दै चयनात्मक निष्कर्ष निकालेको छ ।' थापाको दल एमालेले कार्की आयोगको प्रतिवेदनलाई प्रतिशोधपूर्ण, प्रर्वाग्रहपूर्ण र अस्वीकार्य भनेको छ ।

क्रमशः पृष्ठ २ मा

## प्रेस विज्ञप्ति

मितिः २०८२/१२/१९८

मिडिया एलाईन्स नेपाल,

**विषयः सरकारी विज्ञापन सरकारी सञ्चार माध्यममा मात्र सीमित गर्ने निर्णय प्रति गम्भीर आपत्ति तथा पुनरावलोकनको माग**

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट हालै सार्वजनिक गरिएको निर्णय अनुसार सरकारी निकायहरूले आफ्ना सूचना तथा विज्ञापनहरु सरकारी स्वामित्वका सञ्चार माध्यमहरूबाट मात्र प्रकाशन तथा प्रसारण गर्नुपर्ने व्यवस्था गरिएको प्रति मिडिया एलाईन्स नेपालको गम्भीर आपत्रि तथा ध्यानाकर्षण भएको छ । नेपालको संविधानले सुनिश्चित गरेको अभिव्यक्ति स्वतन्त्रता (धारा १७), सूचनाको हक (धारा २७) तथा समानताको हक (धारा १८) को मर्म र भावना विपरीत यस्तो निर्णय देखिन्छ । राज्यका निकायहरूले सूचना प्रवाहलाई सीमित माध्यममा मात्र केन्द्रित गर्नु नागरिकको विविध स्रोतबाट सूचना प्राप्त गर्ने मौलिक हकलाई संकुचित गर्नुका साथै सञ्चार क्षेत्रभित्र असमानता र विभेद सिर्जना गर्ने कार्य हो । नेपालमा सञ्चार क्षेत्र लोकतान्त्रिक अभ्यासको महत्वपूर्ण आधार हो, जहाँ निजी, सामुदायिक तथा सार्वजनिक सबै माध्यमहरूको समान भूमिका रहँदै आएको छ । '**कोभिड–१९ पछिको आर्थिक मन्दी**' लगायतका कारणले अझै पुनः स्थापनाको चरणमा रहेका निजी सञ्चार माध्यमहरूलाई यस्तो निर्णयले थप कमजोर बनाउने स्पष्ट देखिन्छ ।

**सरकारी विज्ञापन तथा सूचना वितरणलाई सीमित माध्यममा मात्र केन्द्रित गर्दा:**

- प्रतिस्पर्धात्मक वातावरण समाप्त हुने,
- निजी तथा सामुदायिक सञ्चार माध्यमहरूको आर्थिक आधार कमजोर हुने, सञ्चारकमीहरूको रोजगारीमा प्रत्यक्ष असर पर्ने,
- तथा नागरिकको बहुलवादी सूचना पहुँचमा गम्भीर क्षति पुग्नेछ ।

यस्तो व्यवस्था स्वतन्त्रताको भावनासँग मेल नखाने मात्र नभई, नीतिगत भेदभाव (Policy Discrimination) तथा अप्रत्यक्ष नियन्त्रण (Indirect Control) को अवस्था सिर्जना गर्ने स्पष्ट जोखिम बोकेको छ, जुन स्वतन्त्र र निष्पक्ष प्रेसको आधारभूत सिद्धान्त विपरीत छ ।

अन्तर्राष्ट्रिय सन्दर्भमा हेर्दा, संयुक्त राष्ट्रसंघको मानव अधिकार घोषणापत्र (UDHR) को धारा १९ तथा नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (ICCPR) को धारा १९ ले अभिव्यक्ति स्वतन्त्रता र सूचना प्राप्त गर्ने अधिकारलाई स्पष्ट रूपमा सुनिश्चित गरेका छन् । साथै, युनेस्को (UNESCO) द्वारा प्रवर्द्धित प्रेस स्वतन्त्रता र मिडिया बहुलवाद सम्बन्धी सिद्धान्तहरूले राज्यले सूचना प्रवाहमा विविधता, स्वतन्त्रता र निष्पक्षता कायम गर्नुपर्ने दायित्व रहेको स्पष्ट पार्दछन् ।

त्यसैगरी, विश्वव्यापी रूपमा स्वीकार गरिएको मिडिया प्लुरालिज्म (Media Pluralism) तथा एडिटोरियल स्वतन्त्रता (Editorial Independence) का मापदण्डहरु विपरीत सरकारी स्रोत तथा विज्ञापनलाई सीमित माध्यममा केन्द्रित गर्नु प्रेसमाथि अप्रत्यक्ष दबाब सिर्जना गर्ने अभ्यासका रूपमा व्याख्या गरिन्छ ।

**अतः मिडिया एलाईन्स नेपाल सरकार समक्ष दृढतापूर्वक माग गर्दछ किः**

१. उक्त निर्णय तत्काल पुनरावलोकन गरी खारेज गरियोस् ।
२. सरकारी विज्ञापन वितरण प्रणालीलाई संविधान सम्मत, कानुनी मापदण्डमा आधारित, पारदशी, समावेशी तथा प्रतिस्पर्धात्मक बनाइयोस् ।
३. सञ्चार क्षेत्रका सरोकारवालाहरु, पेशागत संघ-संस्थाहरु तथा विज्ञहरूसँग औपचारिक परामर्श गरी दीर्घकालीन, न्यायोचित र सन्तुलित नीतिगत ढाँचा निर्माण गरियोस् ।

अन्यथा, यस्तो असंवैधानिक, भेदभावपूर्ण तथा प्रेस स्वतन्त्रतामाथि प्रत्यक्ष प्रभाव पार्ने निर्णय विरूद्ध संवैधानिक तथा अन्तर्राष्ट्रिय कानुनी मान्यताका आधारमा कानुनी उपचारको मार्ग अवलम्बन गर्न मिडिया एलाईन्स नेपाल बाध्य हुने स्पष्ट जानकारी गराइन्छ ।

मिडिया एलाईन्स नेपाल स्वतन्त्र, निष्पक्ष, बहुलवादी तथा उत्तरदायी सञ्चार प्रणालीको संरक्षण र प्रवर्द्धनका लागि सधैं दृढ रहने प्रतिवद्धता व्यक्त गर्दछ ।

**भाष्कर राज राजकर्णिकार**
**अध्यक्ष, मिडिया एलाईन्स नेपाल ।**

**सन्दर्भः वैदेशिक रोजगार**

फागुनसम्मको रेमिट्यान्समा देखिएन युद्धको असर

# आठ महिनामा भित्रियो साढे १४ खर्ब

**ममता थापा**

**काठमाडौं–** फागुन महिनासम्मको विप्रेषण (रेमिटचान्स) आप्रवाहमा खाडीमा जारी युद्धको असर नपरेको पाइएको छ । हाल खाडीको रोजगारी बन्द हुँदा रेमिटचान्स घट्ने आँकलन गरिए पनि नेपाल राष्ट्र बैंकले बिहीवार सार्वजनिक गरेको देशको वर्तमान आर्थिक तथा वित्तिय स्थितिले मुलुक भित्रने रकममा प्रभाव नपारेको देखाएको छ ।

राष्ट्र बैंकको प्रतिवेदनका अनुसार चालु आर्थिक वर्ष २०८२/८३को आठ महिनामा १४ खर्बभन्दा बढी रेमिटचान्स भित्रिएको हो । गत साउनदेखि फागुनसम्मको अवधिमा विप्रेषण आप्रवाह ३७.७ प्रतिशतले वृद्धि भइ १४ खर्ब ४९ अर्ब ६५ करोड पुगेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह ९.५ प्रतिशतले बढेको थियो ।

- गत साउनदेखि फागुनसम्मको अवधिमा विप्रेषण आप्रवाह ३७.७ प्रतिशतले वृद्धि भइ १४ खर्ब ४९ अर्ब ६५ करोड पुगेको छ
- फागुनमा मात्र एक खर्ब ८८ अर्ब ६४ करोड विप्रेषण भित्रिएको छ । अघिल्लो आर्थिक वर्षको सोही महिनामा एक खर्ब ५१ अर्ब १९ करोड विप्रेषण प्राप्त भएको थियो
- गत फागुन १६ गतेबाट सुरू भएको अमेरिका-इजरायल र इरानबिचको द्वन्द्वका कारण खाडी मुलुकको वैदेशिक रोजगारी बन्द भएको छ

फागुनमा मात्र एक खर्ब ८८ अर्ब ६४ करोड विप्रेषण भित्रिएको छ । अघिल्लो आर्थिक वर्षको सोही महिनामा एक खर्ब ५१ अर्ब १९ करोड विप्रेषण प्राप्त भएको थियो । गत फागुन १६ गतेबाट सुरु भएको अमेरिका-इजरायल र इरानबिचको द्वन्द्वका कारण खाडी मुलुकको वैदेशिक रोजगारी बन्द भएको छ । खाडीमा कार्यरतमध्ये कतिपयले रोजगारी गुमाएको, बेतलवी बिदामा बसेको, मूल्यबृद्धिका कारण दैनिक खर्च बढेकाजस्ता समस्या भ्केलीरहेको खबरहरू आएका छन् । श्रमिकको रोजगारी प्रभावित हुँदा मुलुकको विप्रेषण आप्रवाह घट्ने बताइए पनि गत महिनासम्म विप्रेषणमा कमी आएको छैन ।

यो आठ महिनामा दुई लाख ७३ हजार ५३६ जना संस्थागत र व्यक्तिगत रूपमा श्रम स्वीकृति लिएर पहिलोचोटि रोजगारीमा गएका छन् । त्यस्तै, श्रम स्वीकृति नवीकरण गरेर दुई लाख ५१ हजार ९८५ जना गएका छन् । यस अवधिमा कुल पाँच लाख २५ हजार ५२१ जना रोजगारीमा गएको देखिन्छ । जुन अघिल्लो आर्थिक वर्षको यसै अवधिको तुलनामा केही कम हो ।

क्रमशः पृष्ठ २ मा

## नेपालीको उद्धारका लागि आजबाट विशेष उडान

**काठमाडौं–** खाडीमा रहेका नेपालीको उद्धारका लागि सरकारले विशेष उडान सञ्चालन गर्ने भएको छ । बिहीवार प्रेस विज्ञप्ति जारी गर्दै परराष्ट्र मन्त्रालयले आज (शुक्रबार)देखि अप्रिल ५ तारिखसम्म नेपाल वायुसेवा निगमले विभिन्न गन्तव्यहरूमा विशेष उडान सञ्चालन गर्ने जनाएको हो ।

मन्त्रालयका अनुसार आजको उडान स्थानीय समयअनुसार रातिको ११ बजेर १५ मिनेटमा काठमाडौं-दुबईको रहेको छ । त्यस्तै, शनिबार बिहान ४:१० मा दुबई-काठमाडौं, आइतबार बिहान ८:३० बजे काठमाडौ-दमाम र आइतबार नै दिउँसो १२:२०मा दमाम-काठमाडौंका लागि हुनेछ ।

पश्चिम एसियामा विद्यमान तनाव तथा सुरक्षा अवस्थाका कारण नियमित उडानहरू २८ फेब्रुअरी २०२६ देखि स्थगित रहँदा उत्पन्न असहज परिस्थितिलाई मध्यनजर गर्दै नेपाली नागरिकको आवागमनलाई सहज बनाउने उद्देश्यले आवश्यक हवाई सेवा सञ्चालन गर्ने विषयमा गत मंगलबार मन्त्रालयमा भएको छलफलबाट उक्त निर्णय गरिएको जनाइएको छ । छलफलमा परराष्ट्र मन्त्री शिशिर खनाल, संस्कृति, पर्यटन तथा नागरिक उ•यनमन्त्रालय, नागरिक उ•यन प्राधिकरण तथा नेपाल एयरलाइन्सका उच्च अधिकारी सहभागी थिए ।

विज्ञप्तिमा कुवेत एयरवेजको एक उडानमार्फत गत बुधबार २९१ जना यात्रु स्वदेश फर्किएको पनि जनाइएको छ । सोही उडानबाट विभिन्न कारणले निधन भएका नौ जना नेपाली नागरिकहको शवसमेत नेपाल ल्याइएको छ ।

पृष्ठ १ बाट क्रमशः

## निर्णय फिर्ता...

एलाइन्सले यो निर्णय तत्काल खारेज गर्नसमेत माग गरेको छ। 'उक्त निर्णय तत्काल पुनरावलोकन गरी खारेज गरियोस्। सरकारी विज्ञापन वितरण प्रणालीलाई संविधान सम्मत, कानुनी मापदण्डमा आधारित, पारदर्शी, समावेशी तथा प्रतिस्पर्धात्मक बनाइयोस्,' एलाइन्सले भनेको छ, 'सञ्चार क्षेत्रका सरोकारवालाहरू, पेशागत संघ संस्थाहरू तथा विज्ञहरूसँग औपचारिक परामर्श गरी दीर्घकालीन न्यायोचित र सन्तुलित नीतिगत ढाँचा निर्माण गरियोस्।' सरकारले यो निर्णय फिर्ता नलिए कानुनी उपचारमा जाने चेतावनी दिएको छ।

नेपाल विज्ञापन संघले पनि सरकारको निर्णयको विरोध गरेको छ। संघको अध्यक्ष सुदिप थापाले बिहीबार विज्ञप्ति जारी गर्दै उद्योगको रूपमा स्थापित हुँदै गरको विज्ञापन उद्योगमा अंकुश लागेको जनाएको छ। 'सबै तह र प्रकृतिका सरकारी निकायहरूले सरकारी सञ्चार माध्यमहरूमा मात्र सूचना प्रकाशन तथा प्रशारण गर्नु पर्ने र ती सरकारी सञ्चार गृहहरूमा पनि सिधै भुक्तानीको व्यवस्था गर्नु पर्ने हुँदा अन्तराष्ट्रिय रूपमा स्थापित र नेपालमा पनि औद्योगिक स्वरूप धारण गरिसकेको विज्ञापन तथा संञ्चार उद्योगलाई सरकारी नियन्त्रण र अंकुश लाग्न पुगेको छ,' अध्यक्ष थापाले भनेका छन्।

सरकारको निर्णय विज्ञापन नियमावलीविरोधी रहेकोसमेत विज्ञापन संघको ठहर रहेको छ। 'नेपाल सरकारबाट जारी विज्ञापन नियमावलिको व्यवस्थाको पनि बर्खिलाप हुन जान्छ विद्यमान व्यवस्था अनुसार कुनै पनि विज्ञापनदाताले विज्ञापन गर्दा विज्ञापन एजेन्सीमार्फत गर्नुपर्ने र सरकारले पनि विकास निर्माणलगायत अन्य क्षेत्रमा जस्तै नीजि क्षेत्रद्वारा संचालित सेवा प्रदायकहरूको दक्षतामा आधारित सेवा लिने व्यवस्था अनुरूप विज्ञापन एजेन्सीको सेवा अब सरकारी निकायहरूले लिन नपाउने भएका छन्,' अध्यक्ष थापाले भनेका छन्, 'तसर्थ नेपालमा सरकारी सञ्चार गृहहरू मात्र भएको बेलादेखि नै नेपाल सरकारी निकायहरूलाई विज्ञापन गर्न सहजीकरण गर्ने, सरकारी सञ्चार गृहरूलाई विज्ञापन उपलब्ध गराउनेलगायत यस पेशा तथा व्यवसायलाई नियमन तथा नीतिगत तहमा व्यवस्थित गर्दै आएको यस संघ श्री प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालय ध्यानकर्षण गराउदै यस कदमको परिमार्जन हुने अपेक्षा गर्दछ।'

ब्रोडकास्टिङ एसोसिएसन अफ नेपाल(बान)ले सरोकारवालाहरूसँग कुनै छलफल नगरि गरिएको निर्णयले सञ्चारकर्मी तथा लगानीकर्ताको मनोबल गिराएको जनाएको छ। बानका अध्यक्ष कुमार भट्टराईले बिहीबार एव विज्ञप्ति जारी गर्दै मन्दीका बेला सरकारले सहुि

लयत दिएर प्रोत्साहन दिनुपर्नेमा उल्टै विज्ञापन रोक्ने कार्य आपत्तिजनक भएको जनाएका छन्। 'राज्यले सहुलियत र प्रोत्साहन दिनुपर्नेमा उल्टै विज्ञापन रोक्ने निर्णयले साना लगानीका मिडिया तथा एफएम/रेडियाहरू बन्द हुने अवस्थामा पुगेका छन। सरकारले सरोकारवालाहरूसँग कुनै छलफल नगरि आएको निर्णयले सञ्चारकर्मी तथा लगानीकर्ताको मनोबल गिराएको छ,' बानको विज्ञप्तिमा भनिएको छ, 'निजी र स्वरोजगारमूलक सञ्चारमाध्यमलाई धराशायी बनाउने र नागरिकको अभिव्यक्ति स्वतन्त्रता कुण्ठित गर्ने गरि आएको सरकारको यो कदम प्रति घोर आपत्ति जनाउदै ब्रोडकाष्टिङ एसोसिएसन अफ नेपाल सरकारको यो निर्णय अबिलम्ब फिर्ता लिन जोडदार माग गर्दछ।'

■■■

## पत्रकार महासंघ...

युनियनले शुक्रबार जारी गरेको प्रेस विज्ञप्तिमा लोकतान्त्रिक शासन प्रणालीको आधार नै स्वतन्त्र, निष्पक्ष र बहुलवादी सञ्चार रहेको उल्लेख गर्दै यस्तो निर्णयले निजी सञ्चार माध्यममाथि प्रत्यक्ष प्रभाव पार्ने जनाएको छ। युनियनका महासचिव दिलीप पौडेलद्वारा हस्ताक्षरित विज्ञप्तिमा सरकारले निजी सञ्चार माध्यममाथि अप्रत्यक्ष रूपमा आर्थिक नाकाबन्दी सिर्जना गर्ने उद्देश्यले यस्तो नीति ल्याएको आरोप लगाइएको छ।

विज्ञप्तिमा नेपालको संविधानले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता सुनिश्चित गर्नुका साथै आर्थिक समानता, लगानी संरक्षण र स्वस्थ प्रतिस्पर्धालाई प्रोत्साहन गर्ने व्यवस्था गरेको स्मरण गराउँदै सरकारको निर्णय ती सिद्धान्तविपरीत रहेको उल्लेख गरिएको छ। खुला अर्थतन्त्रमा यस्तो कदमले निजी लगानीमा सञ्चालित सञ्चार माध्यमलाई हतोत्साही बनाउने युनियनको भनाइ छ। युनियनले सरकारको यो कदमले निजी सञ्चार माध्यमलाई कमजोर बनाउने र दीर्घकालीन रूपमा बन्द गराउने जोखिम बढाएको पनि जनाएको छ। 'निजी सञ्चार माध्यम आर्थिक रूपमा कमजोर हुनु भनेको स्वतन्त्र पत्रकारिता कमजोर हुनु हो,' विज्ञप्तिमा उल्लेख छ।

प्रस चौतारी नेपालले प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयबाट भएको निर्णयले निजी क्षेत्रबाट सञ्चालित सञ्चार माध्यमहरूको अस्तित्वमाथि प्रत्यक्ष प्रहार गरेको जनाएको छ। महासचिव हिरामान लामाले बिहीबार जारी गरेको विज्ञप्तिमा सरकारको निर्णयले सञ्चार उद्योगलाई मात्र नभई अभिव्यक्ति स्वतन्त्रता तथा लोकतान्त्रिक व्यवस्थामाथि नै गम्भीर असर पार्ने देखिएको जनाएको छ।

प्रेस चौतारी नेपालले सरकारको कदम प्रेसविरोधी, अलोकतान्त्रिक तथा निरंकुश प्रवृत्तिबाट प्रेरित भएको जनाउँदै तत्काल फिर्ता लिन माग गरेको छ। 'प्रेस चौतारी नेपाल सरकारसँग उक्त निर्णय तत्काल फिर्ता लिन जोडदार माग गर्दछ। यदि सरकारले यस निर्णयमा पुनर्विचार नगरी प्रेसमाथि आक्रमण गर्ने यस्ता कदमलाई निरन्तरता दिएमा, प्रेस चौतारी नेपाल सम्पूर्ण सञ्चार क्षेत्र, नेपाल पत्रकार महासंघ, सञ्चारकर्मी तथा लोकतन्त्र पक्षधर शक्तिहरूसँग सहकार्य गर्दै देशव्यापी आन्दोलनमा उत्रिन बाध्य हुने स्पष्ट गर्दछ,' महासचिव लामाले भनेका छन्।

यसैगरी प्रेस सेन्टरले सरकारको निर्णयले नेपालको राजनीतिक परिवर्तन, लोकतन्त्रको स्थापना तथा संरक्षणमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको प्रेस जगतलाई कमजोर बनाउने ठहर गरेको छ। संघीय सरकारले प्रदेश तथा स्थानीय सरकारको अधिकारमाथि हस्तक्षेप गर्दै संघीयताको मर्ममाथि प्रहार गरेको सेन्टरको ठहर छ। यो निर्णयको निन्दा गर्दै सेन्टरले तत्काल फिर्ता नलिए आन्दोलित हुने चेतावनी दिएको छ। 'पूर्ण प्रेस स्वतन्त्रता, संघीयता र लोकतन्त्रविरोधी यस कदमको प्रेस सेन्टर नेपाल घोर निन्दा गर्दछ। उक्त निर्णय तत्काल सच्याउन तथा फिर्ता लिन, व्यवस्थित र पारदर्शी रूपमा समानुपातिक विज्ञापन प्रणाली लागू गर्न र सञ्चार माध्यमलाई समान व्यवहार गर्न जोड्दार माग गर्दछ। अन्यथा सम्पूर्ण सञ्चार क्षेत्र आन्दोलनमा उत्रिन बाध्य हुने चेतावनी दिन्छ,' बिहीबार सेन्टरका महासचिव मनोज घर्तीमगरले जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

■■■

## कार्की आयोगको...

सोही प्रतिवेदनका आधारमा पक्राउ परेका आफ्ना अध्यक्ष ओलीसँगै कांग्रेस नेता रमेश लेखकको रिहा माग गरेको छ। उनीहरूको पक्राउलाई प्रतिशोधपूर्ण र गैरकानुनी भन्दै सडक, सदन र अदालतबाट प्रतिवाद गर्ने घोषणा गरेको छ।

यहीबीच बिहीबार बसेको प्रतिनिधिसभाको पहिलो बैठकमा कार्यवाहक अध्यक्ष थापाले कडा शब्दमा कार्की प्रतिवेदनको आलोचना गरे। प्रतिवेदनमा तत्कालीन शासकीय जिम्मेवारीमा रहेका ओली र लेखकले नवयुवाहरू मारिँदा पनि रोक्न कुनै पहल नगरी हेल्चेक्र्याइँ र लापारबाही गरेको भन्दै मुलुकी फौजदारी संहिताको दफा १८१ र १८२ अनुसार अनुसन्धान गर्न सिफारिस गरेको उल्लेख थियो। सोही अनुसार १३ चैतको मन्त्रिपरिषद् बैठकले अनुसन्धान गर्ने निर्णय गऱ्यो र केही घण्टामै पक्राउ परे, जुन घटनाको विरोध प्रतिनिधिसभा बैठकमा भएको हो।

बैठकमा श्रम संस्कृति पार्टीका अध्यक्ष हर्कराज साम्पाङले आन्दोलनलाई योजनाबद्ध रूपमा भड्काइएको दाबी गर्दै प्रतिवेदन अपूरो रहेको बताए। उनले कार्की आयोगको प्रतिवेदन अस्वीकार गर्दै अर्कै आयोग बनाउन माग गरे। ' जेन-जी आन्दोलनमा डिस्कर्ड चलाएर जेन-जी बालबालिकालाई स्कुल ड्रेसमा आन्दोलनमा बोलाउने, शान्तिपूर्ण आन्दोलनलाई भड्काएर हिंसात्मक बनाउने, आन्दोलनमा अन्धाधुन्ध गोली चलाएर दमन गर्ने, २३ गतेको घटना घटाउने साथै २४ गते सिंहदरबार, संसद् भवन, सर्वोच्च अदालतजस्ता सरकारी भवन जलाउने कृत्य गर्ने मान्छेहरूलाई पनि कारबाहीमा ल्याउनका लागि उच्चस्तरीय छानबिन समिति गठन गर्न हामी माग गर्दछौं,' उनले माग गरे। साम्पाङले आयोगले २४ गतेको ध्वंशको अनुसन्धान गर्न नसकेको आरोप लगाए।

यस्तै, राप्रपा सांसद ज्ञानेन्द्र शाहीले आयोगको प्रतिवेदनप्रति आशंका प्रकट गरे। उनले २४ गते प्रहरीको क्रुरतापूर्वक हत्या गरिएको घटना र घटनाको निष्पक्ष अनुसन्धान भएको बताए। प्रतिवेदनलाई अस्वीकार गर्दै उनले भने, 'यो आन्दोलनमा ७६ जनाको मृत्यु भयो, २५ सयभन्दा बढी नागरिक घाइते भए, राष्ट्रसेवक प्रहरीको घाँटी रेटीरेटी हत्या गर्ने काम भयो। यति ठूलो क्षतिमा पनि निष्पक्ष छानबिन नहुनु दुःखद हो,' उनले भने।

उनले वास्तविक दोषी जो भए पनि कारबाही हुनुपर्ने बताए। कार्की आयोगको प्रतिवेदन विवादमा तानिनुको मुख्य कारण यसको निष्कर्ष र सिफारिस नै बनेको छ। आयोगले भदौ २३ गतेको घटनामा संलग्न रहेको भन्दै तत्कालीन प्रधानमन्त्री तथा एमाले अध्यक्ष ओली र उनका सरकारका गृहमन्त्री लेखकलाई दोषी ठहर गर्दै कारबाही सिफारिस गरेको छ। तर, भदौ २४ गते सिंहदरबार, संसद् भवन र सर्वोच्च अदालतजस्ता महत्वपूर्ण सरकारी संरचनामा भएको आगजनी तथा तोडफोडमा संलग्न व्यक्तिहरूबारे स्पष्ट अनुसन्धान र कारबाही सिफारिस नगरेपछि प्रतिवेदनप्रति व्यापक असन्तुष्टि देखिएको हो।

एमालेले प्रतिशोध भएको प्रतिवेदन भन्दा कांग्रेसले 'चयनात्मक न्याय' भन्दै स्वीकार्य नहुने जनाएका छन्। एक पक्षलाई मात्र दोषी देखाएर अर्को पक्षलाई उन्मुक्ति दिँदा न्यायिक प्रक्रियाको विश्वसनीयतामाथि प्रश्न उठ्ने बताएका छन्। विशेषतः २४ गतेको घटनामा राज्यका महत्वपूर्ण संरचना ध्वस्त पारिएको विषयलाई बेवास्ता गर्नु गम्भीर कमजोरी भएको दलहरूको ठहर छ।

■■■

## आठ महिनामा...

अघिल्लो वर्षको फागुनमा पहिलोपटक तीन लाख १७ हजार ६८ र श्रम स्वीकृति नवीकरण गरेर दुई लाख १७ हजार ४०३ जना गरी कुल पाँच लाख ३४ हजार ४७१ जना गएका थिए। यस आर्थिक वर्षमा तीन महिनाभन्दा धेरै प्रमुख रोजगार गन्तव्य संयुक्त अरब इमिरेट्स (यूएई)को रोजगारी बन्द हुनु र गत फागुनबाट सुरु भएको युद्धका कारण रोजगारीमा जानेहरूको संख्यामा केही कमी आएको देखिन्छ।

समीक्षा अवधिमा अमेरिकी डलरमा विप्रेषण आप्रवाह ३१.० प्रतिशतले वृद्धि भइ १० खर्ब १५ करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो आप्रवाह ७.१ प्रतिशतले बढेको थियो।

चालु आर्थिक वर्षको साउनमा एक खर्ब ७७ अर्ब ४१ करोड, भदौमा एक खर्ब ७४ अर्ब ६७ करोड, असोजमा दुई खर्ब एक अर्ब २२ करोड, कात्तिक एक खर्ब ३३ अर्ब ८२ करोड, मंसिरमा एक खर्ब ८३ अर्ब १८ करोड, पुसमा एक खर्ब ९२ अर्ब ६२ करोड र माघमा एक खर्ब ९८ अर्ब आठ करोड रेमिटयान्स भित्रिएको छ। यस आर्थिक वर्षमा सबैभन्दा धेरै असोज र सबैभन्दा कम कात्तिकमा रेमटयान्स आएको छ।

राष्ट्र बैंकको प्रतिवेदनमा वैधानिक माध्यमबाट आएको रकम मात्र समावेश हुन्छ। पछिल्लो समय रोजगारीमा जानेहरूका साथै विदेशमै लामो समयसम्म बस्नेको संख्या बढ्नु, वैधानिक माध्यमबाट पैसा पठाउने प्रवृत्तिमा सुधार, सीपयुक्त भएर जानेहरू बढ्नु, वित्तिय साक्षेरताजस्ता कारणले केही वर्ष अघिको तुलनामा विप्रेषण आप्रवाह बढेको पाइन्छ।


**नेपाल सरकार**
**उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको दर्ता खारेजी गरिएको सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८२/१२/२०**

यस कार्यालयमा मिति २०६७/०६/०१ मा दर्ता भएको प्रा.लि.नं. ७६२२५ को दोभान मिडिया एण्ड एडभरटाइजिङ्ग प्रा. लि. नामक कम्पनी यस कार्यालयको मिति २०८२/१२/१९ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्वन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

**प्रमाण पत्र हराएको सूचना**

मिति २०८२/०४/०८ गते का.जि. सोह्रखुट्टेदेखि त्रिचन्द्र कलेजसम्म जाँदा मेरो निम्न व्यहोरा भएको प्रमाण पत्रहरु साथै सक्कली माइग्रेशन सर्टिफिकेट हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुनु अनुरोध गर्दछु।

नाम : Manisha Baruwal
कलेज नाम : Sainik Awasiya Mahavidyalaya Secondary School
ठेगाना : Sallaghari, Bhaktapur, Nepal
रजिष्ट्रेशन नं. 793260090155
सिम्वोल नं. 22602381
Migration Serial Number : 783900
Date of Issue : 2080/05/10 B.S. 2023/08/27 A.D.)
फोन : 9768333321

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको हकदावी सम्बन्धी ३० दिने सूचना**

*प्रकाशित मिति २०८२/१२/२० गते*

यस कार्यालयमा मिति २०८१/०४/२९ मा दर्ता भएको **श्री स्मार्ट टेक प्रा.लि.** (प्रा.लि.नं.३४१५८०/०८१/०८२) नामक कम्पनीको दफा १३६ (क) अनुसार दर्ता खारेज गरि पाउँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि **३० (तीस) दिन**भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्यादभित्र **हक दावी** गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिने छ।

**मलेसियामा रोजगार**

कम्पनी : **KAWALAN KESELAMATAN PRESTASI MEWAH SDN BHD**

पूर्व स्वीकृति मिति : २०८२/०९/०५ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/१२/१९ | LT. No. 335441 | चलानी नं. ६०२५०१६४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 79 | 0 | 1700 | ६३,९५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ चैत २७ गते (10th April 2026) मा हुनेछ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

Govt. License 300/059/60

**TRANS WORLD Manpower CO.(P) Ltd.**
3rd Floor, Josi Complex/ Opp. Padmodaya High School/ Exhibition Road, Kathmandu
Tel: 00977-1-4219272, 4219282, 2042104/ Email: twmanpower@wlink.com.np

**मलेसियामा रोजगार**

कम्पनी : **PASARAYA HWA THAI SDN BHD**

पूर्व स्वीकृति मिति : २०८२/१२/१९ | LT. No. 330312 | चलानी नं. ६०२५३६९३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/P.O. | 13 | 0 | 1700 | ६२,७३३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ चैत २७ गते (10th April 2026) मा हुनेछ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**ICONIC HR CONSULTANT PVT LTD**
Ganesh Basti, Maharajgunj-4, Kathmandu, Nepal. Tel: +977- 014548588
Mobile: 9816572430, 976-1702070, E-mail: ram@iconic-hr.com, www.iconic-hr.com
Govt. Licence No. 1760/081/082

**दावी विरोध सम्बन्धी**
**वैदेशिक रोजगार विभाग, काठमाडौंको**

**सूचना**

**प्रकाशित मितिः- २०८२/१२/२०**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त संस्था **K & C International Pvt.ltd.** (ई.प.नं.699/063/64) ले यस विभाग समक्ष तपसिल बमोजिमको शाखा कार्यालय बन्द गरि धरौटी रकम फिर्ता गरि पाउँ भनि निवेदन पेश गरेकोले सो सम्बन्धमा शाखा कार्यालय बन्दको सहमति दिँदा कोही कसैको हक स्वामित्व तथा लेनदेनमा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सबुद प्रमाण सहित बैदेशिक रोजगार विभागको संस्था दर्ता तथा समन्वय शाखामा सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यस विभागको मिति २०८२/१२/१९ को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ। अन्यथा माग बमोजिम शाखा कार्यालयको अनुमति पत्र रद्द गरि धरौटी रकम फिर्ता भई जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ।

**तपसिलः**

| क्र.सं | शाखा कार्यालय रहेको ठेगाना | शाखा प्रमुखको नाम |
|---|---|---|
| १ | गण्डकी प्रदेश कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. ०८ | स्याङजा जिल्ला पुतलीबजार न.पा.-०६ बस्ने अर्पण गुरुङ |


## आजको राशिफल



**ज्यो. गुरू अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

शुक्रबार, २० चैत, २०८२

| | |
|---|---|
| **मेष** | मन प्रफुल्ल रहनेछ। विश्वासपात्रबाट सहयोग मिल्न सक्छ। |
| **वृष** | तनावले सताउनेछ। नयाँ नयाँ आरोपको सामना गर्नुपर्नेछ। |
| **मिथुन** | नयाँ नयाँ विचार आउनेछ। धैर्यताका साथ अघि बढ्नु उचित हुन्छ। |
| **कर्कट** | रमाइलो भेटघाट हुनेछ। सोचेर अघि बढ्नु उचित हुन्छ। |
| **सिंह** | नयाँ योजनामा काम हुन सक्छ। आलस्य त्याग गर्नु राम्रो हुन्छ। |
| **कन्या** | बौद्धिकतामा वृद्धि भएर जानेछ। समाजमा सम्मान मिल्ने सम्भावना छ। |
| **तुला** | सम्मान प्राप्त हुने योग छ। श्रीरामको स्मरणबाट दिनको सुरुवात गर्नुहोला। |
| **वृश्चिक** | स्वास्थ्य गडबड हुन सक्छ। खानपिनमा ध्यान दिनु राम्रो हुन्छ। |
| **धनु** | दौडधुप बढ्नेछ। नयाँ कामको अवसर प्राप्त हुनेछ। |
| **मकर** | कडा परिश्रम गर्नुपर्नेछ। दिन सामन्य रहनेछ। |
| **कुम्भ** | आडम्बरीपन बढेर जानेछ। शास्त्रोक्त विचारलाई अवलम्बन गर्नु उचित हुन्छ। |
| **मीन** | अहंकार बढेर जानेछ। काममा मन जानेछैन। |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | |
| ४४१४७९८/४४२७४५२ | |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण | |
| अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण | |
| अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६२६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर | |
| शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा | |
| (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| **एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल** | |
| किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा | |
| प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

२० चैत, २०८२ (०३ अप्रिल २०२६)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १५१.४४ | १५२.०४ |
| युरो | १ को | १७५.६६ | १७६.३६ |
| पाउन्ड स्टिर्लङ | १ को | २०१.६० | २०२.४० |
| स्विस फ्रेन्क | १ को | १९१.०९ | १९१.८५ |
| अस्ट्रेलियन डलर | १ को | १०५.२१ | १०५.६२ |
| क्यानाडियन डलर | १ को | १०८.९८ | १०९.४२ |
| सिङगापुर डलर | १ को | ११८.०८ | ११८.५५ |
| जापानी येन | १० को | ९.५५ | ९.५९ |
| चिनियाँ युआन | १ को | २२.०३ | २२.१२ |
| साउदी अरब रियाल | १ को | ४०.३५ | ४०.५१ |
| कतारी रियाल | १ को | ४१.५४ | ४१.७० |
| थाई भाट | ख १ को | ४.६६ | ४.६७ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ४१.२४ | ४१.४० |
| मलेसियन रिङेट | १ को | ३७.६१ | ३७.७६ |
| दक्षिण कोरियन वन | १०० को | १०.०६ | १०.१० |
| स्विडिस क्रोनर | १ को | १६.१३ | १६.१९ |
| डेनिस क्रोनर | १ को | २३.५१ | २३.६० |
| हङकङ डलर | १ को | १९.३२ | १९.४० |
| कुवेती दिनार | १ को | ४९३.६९ | ४९५.६५ |
| बहराइन दिनार | १ को | ४०१.११ | ४०२.७० |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ। वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ। अद्यावीधक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ।

# थापाको अभिव्यक्तिलाई लिएर एमालेमा विवाद

**काठमाडौं (प्रस)–** नेपाल कम्युनिष्ट पार्टी (एमाले) भित्र संसदीय दलको नेतामा रामबहादुर थापा चयनलाई लिएर विवाद थियो नै । संसदीय दलको नेता चयनको सन्दर्भ सेलाउन नपाउँदै कार्यवाहक अध्यक्षसमेत रहेका नेता थापाले संसद्मा दिएको अभिव्यक्तिलाई लिएर पार्टीको नीति र विचारसँग नमिल्दो भनी पार्टी भित्रैबाट आलोचना भएको छ ।

नेता थापाले गत फागुन २१ गतेको निर्वाचनमा एमाले पराजय हुनुमा नेपाली सेना, कर्मचारी वर्ग, बारबरा फाउन्डेसन र विदेशी पक्षले भूमिका खेलेको आरोप लगाएका थिए । यो विषयलाई लिएर एमाले उपाध्यक्ष विष्णुप्रसाद पौडेल, उपमहासचिव योगेश भट्टराईलगायतले ती विचारहरू पार्टीको स्थापित नीति र मान्यता विपरीत भएको बताएका छन् ।

उपाध्यक्ष पौडेलले यस विषयमा शुक्रबार हुने केन्द्रीय सचिवालयको बैठकमा गम्भीरतापूर्वक छलफल हुने बताएका छन् । 'प्रतिनिधि सभाको आजको बैठकमा नेकपा (एमाले) को दल नेताको हैसियतले मा. रामबहादुर थापाले व्यक्त गर्नुभएको विचार पार्टीका स्थापित नीति र मान्यता विपरीत छन् । यस सम्बन्धमा भोली आयोजना गरिएको नेकपा (एमाले) को केन्द्रीय सचिवालयको बैठकमा गम्भीरतापूर्वक छलफल हुने र उचित निर्णय हुने अपेक्षा गरेको छु,' पौडेलले भनेका छन् ।

सचिवालय बैठकमा यो विषयमा 'एजेन्डा'कै रूपमा छलफल हुने बताइएको छ । उपमहासचिव भट्टराईले एमालेको सिद्धान्त जनताको बहुदलीय जनवाद (जबज)ले प्रतिस्पर्धाबाट श्रेष्ठता हासिल गर्ने र शान्तिपूर्ण तथा वैधानिक बाटोबाट नेपाली समाजको प्रगतिशील रूपान्तरण गरी समाजवादको आधार तयार गर्ने मान्यता बोक्ने भएकाले जनताले प्रकट गरेको जनमतलाई सम्मान गर्नु र पराजयको ठोस समीक्षा गरी कमजोरीलाई सच्याएर पुनः जनविश्वास आर्जन गर्ने बाटोमा जानुपर्नेमा जोड दिए ।

# पेट्रोलियम पदार्थको बढ्यो मुल्य

**काठमाडौं (प्रस)–** नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्य वृद्धि गरेको छ । पछिल्लो पटक मूल्य वृद्धि गरेको एक सातामै निगमले बिहीबार मध्यरातदेखि लागू हुने गरी डिजेल/मट्टितेल र पेट्रोलको मूल्यमा प्रतिलिटर १५ रूपैयाँले वृद्धि गरेको हो । यसअघि निगमले यही चैत ११ गते पेट्रोलियम पदार्थको मूल्य समायोजन गरेको थियो ।

निगमले पेट्रोलको मूल्य पहिलो वर्गमा प्रतिलिटर १९९ रूपैयाँ ५० पैसा, दोस्रो वर्गमा २०१ रूपैयाँ र तेस्रो वर्गमा २०२ रूपैयाँ तथा डिजेल/मट्टितेलको मूल्य पहिलो वर्गमा प्रतिलिटर १७९ रूपैयाँ ५० पैसा, दोस्रो वर्गमा १८१ रूपैयाँ र तेस्रो वर्गमा १८२ रूपैयाँ तोकेको छ । मूल्य समायोजनसँगै काठमाडौंमा पेट्रोलको मूल्य प्रतिलिटर २०२ रूपैयाँ पर्ने भएको छ ।

निगमले पहिलो वर्गअन्तर्गत चारआली, विराटनगर, जनकपुर, अमलेखगन्ज, भलवारी, नेपालगन्ज, धनगढी र वीरगन्ज, दोस्रो वर्गअन्तर्गत सुर्खेत र दाङ तथा तेस्रो वर्गअन्तर्गत काठमाडौं, पोखरा र दिपायल डिपोलाई तोकेको छ ।

---

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मितिः २०७४/०८/२८ मा दर्ता भएको प्रा.लि.नं. १७९८८२ को **गोल्चे मिडिया प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८१/११/२२ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

---

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**विशेष दर्ता खारेजी सम्बन्धी ३० दिने सूचना**

यस कार्यालयमा मिति २०६०।०४।१४ मा दर्ता भएको प्रा.लि.नं. २४६६४ को **सुनकोशी इन्टरनेशनल प्रा.लि.** नामक कम्पनीले १३६ क अनुसार विशेष दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३० दिनभित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

---

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

**विशेष दर्ता खारेजी सम्बन्धी ३० दिने सूचना**

यस कार्यालयमा मिति २०७१/०५/११ मा दर्ता भएको **प्रा. लि. नं. १२६०१७** को **अन्नपूर्ण क्याफे एण्ड प्राइभेट लिमिटेड** नामक कम्पनीले दफा १३६ क अनुसार विशेष दर्ता खारेजीमा कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३० दिनभित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हकदावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

---

**भूल सुधार गरिएको बारे**

यस **पञ्चशील बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड**को मिति २०८२/१२/१६ गते प्रभाव राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित 'गैह्र बैंकिङ्ग/सहकारी जग्गा लिलाम बिक्री सम्बन्धी ७ दिने सूचना' मा बोलपत्र खोलिने मितिः २०८२/१२/२३ गते हुनुपर्नेमा अन्यथा भएकाले सच्याईएको छ ।

पञ्चशील बहुउद्देश्यीय सहकारी संस्था लि.
PANCHASHIL MULTIPURPOSE CO-OPERATIVE LTD.
मुख्य कार्यालयः ल.पु.म.न.पा. वडा नं.-१९, कुमारीपाटी
फोन नं.: ०१-५४०८५८५, ५४०८५८६, ५४३२७१८

---

**कर्मचारी हटाइएको सम्बन्धी सूचना**

नेपाल सरकारबाट वैदेशिक रोजगारीका लागि इजाजत प्राप्त कम्पनी (इजाजत नम्बर ८८३/०६७/०६८) यस **Happy Nepal Employment Pvt. Ltd** मा कार्यरत निम्न कर्मचारीहरू हाल यस कार्यालयम कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ । निजहरूसँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्धारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन । साथै कुनै दावी विरोध भएमा ७ (सात) दिनभित्र यस प्रा.लि. मा वा बैदेशिक रोजगार कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

| नाम | नागरिकता प्र.प.नं. |
|---|---|
| शोभा कुमारी खुलाल मगर | १७३४४ |
| कल्यान थापा | २११७/४२७ |
| सन्जिव कुमार लामा | १५ |
| राधिका सुवेदी | ४५-०१-७४-०४३३९ |

HAPPY NEPAL EMPLOYMENT PVT. LTD
Maharajgunj-3, 2 No. Gate President House Kathmandu, Nepal, Tel: +977-1-4535733/4538533, Mob: 9847364227
bishwo 984-3560000, subash 980-3050838, Email: happynepalemployment@gmail.com, Web: www.happynepalemployment.com.np
Branch Office: Prithivichowk -8, Pokhara, Kaski, Mob: 9806625652, Email: happynepalemploymentpvtltdpokh@gmail.com
श्रम ईजाजत नं. ८८३/०६७/०६८

---

# सभापोखरी हाइड्रोपावर लिमिटेडको

**आ.व. २०८१/०८२ को वार्षिक साधारण सभा सम्बन्धी सूचना**

(प्रथम पटक प्रकाशित मिति २०८२।१२।२०

**श्री शेयरधनी महानुभावहरू,**

यस सभापोखरी हाइड्रोपावर लिमिटेडको सञ्चालक समितिको मिति २०८२।१२।१९ गते बसेको बैठकको निर्णयानुसार कम्पनीको आ.व. २०८१।०८२ को वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न विषयहरूमा छलफल गरी निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ वमोजिम सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारी तथा उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

सभा हुने मिति, समय र स्थान :
मिति :- २०८३/०१/१२
समय :- विहान १० बजे ।
स्थान :- कम्पनीको रजिष्ट्रर्ड कार्यालय, वनस्थली, काठमाडौं ।

**छलफलका विषयहरू:**

**क) सामान्य प्रस्ताव**

१) संचालक समितिको तर्फबाट प्रस्तुत आ.व.२०८१।०८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२) लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०८१।०८२ को नाफा-नोक्सान, आय-व्यय विवरण, वासलात तथा नगद प्रवाह विवरण पारित गर्ने ।
३) आ.व. २०८२।०८३ को लागि लेखापरीक्षक नियूक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।
४) कम्पनीको नियमावलीको नियम २७ मा रहेको व्यवस्था बमोजिम १ जना स्वतन्त्र संचालकको नियुक्ति गर्ने ।
५) विविध विषयमा संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।
६) विविध ।

**ख) विविध**

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

**साधारण सभा सम्बन्धी जानकारी**

१. सभा सम्बन्धी अन्य काम कारवाही कम्पनी ऐन, २०६३ बमोजिम हुनेछ ।
२. अन्य कुनै जानकारीका लागि कम्पनीको केन्द्रीय कार्यालय, काठमाडौमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

---

**मलेसियामा रोजगार** कम्पनी : SINPPA INDUSTRIAL SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/१२/१७ | LT. No. 340302 | चलानी नं. ६०२५३७२४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/Factory Worker | 50 | 0 | 1700 | ६३,९५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ चैत २७ गते (10th April 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.२१००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

R.K.H.R. SOLUTION PVT.LTD.
KMC-9, Gaushala, Kathmandu, Nepal, Tel : +977-5912861,
Mob: 9818024001, 9801820670, 9801820669, 980-3923907, E-mail : rkhrsolution2022@gmail.com
Govt. License 1565/079/80

---

उदयपुरगढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
उदयपुरगढी, उदयपुर
कोशी प्रदेश, नेपाल

**भूलसुधार गरिएको सूचना**

प्रकाशित मितिः २०८२।१२।२०गते

यस कार्यालयबाट मिति २०८२।१२।१७ गते प्रकाशित बोलपत्र स्वीकृत गर्ने आशयको सूचनामा Kartik Nirman Sewa, Triyuga–8, Udayapur हुनुपर्नेमा Tawashree Construction and Suppliers Pvt.Ltd. भएकोले त्रुटि सच्याइएको ब्यहोरा जानकारी गराईन्छ ।

**प्रमुख प्रशासकीय अधिकृत**

---

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग आन्तरिक राजस्व कार्यालय, बुटवल
बुटवल, रूपन्देही संकलन शाखा

**आयकरको दोश्रो किस्ता सम्बन्धी सूचना**

आयकर ऐन, २०५८ (संशोधन सहित) को दफा ९४ को उपदफा (१) बमोजिम आय वर्ष २०८२/८३ को आयकरको किस्ता रकम दाखिला गर्नुपर्ने करदाताले ऐ. ऐनको दफा ९५ बमोजिम आय वर्ष २०८२/८३ को कारोवारको अनुमानित करको दोश्रो किस्तावापतको ७० प्रतिशत कर रकम यही २०८२ चैत मसान्तभित्र दाखिला गरी ऐनअनुसार लाग्ने शुल्क र व्याजबाट बचौं ।

---

**चोभार गोदाम घर निर्माण तथा संचालनको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना**

*(प्रकाशन मितिः २०८२/१२/२०)*

बागमती प्रदेश, काठमाडौं जिल्ला, किर्तिपुर नगरपालिका वडा नं ६ मा डाइरेक्ट सोलुसन् प्रा.लि द्वारा देहाय बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | डाइरेक्ट सोलुसन् प्रा.लि, काठमाडौं महानगरपालिका-१, काठमाडौं<br>फोन. नं. ९७७-९८५१०२६१३०<br>इमेलः directsolutionnp@gmail.com |
| प्रस्तावको व्यहोरा | गोदाम घर निर्माण तथा संचालन<br>निर्माण क्षेत्रफलः ६८०१.६७ वर्ग मिटर, जम्मा उचाईः २५.१२ मिटर |
| प्रभाव पर्ने सक्ने जिल्ला/न.पा/गाँ.पा. | काठमाडौं जिल्ला, किर्तिपुर नगरपालिका, वडा नं.-६ |

माथि उल्लिखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको जैविक तथा पारिस्थितिकीय प्रणाली, प्राकृतिक तथा भौतिक प्रणाली, सामाजिक तथा आर्थिक प्रणाली र सांस्कृतिक प्रणालीहरु बीच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको कीर्तिपुर नगरपालिका ६ वडा समिति, विद्यालय, स्वास्थ्य संस्था तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाब लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझाबको लागि पत्राचार गर्ने ठेगानाः**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | डाइरेक्ट सोलुसन् प्रा.लि, काठमाडौं महानगरपालिका-१, काठमाडौं<br>इमेलः directsolutionnp@gmail.com फोन. नं. ९८५१०२६१३० |
| परामर्शदाताको नाम र ठेगाना | ग्रीन ग्राजुएटस डेभलप्मेन्ट कन्सल्टेन्ट प्रा.लि., ठेगाना : काठमाडौं-३२, काठमाडौं<br>ईमेल : ggconsult078@gmail.com, फोन न. : ९८५११९५००४ |

---

गतिशिल साना किसान कृषि सहकारी संस्था लि.
इन्द्रसरोवर ४ फाखेल, मकवानपुर

**सिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना**

दरभाउपत्र नं.१/०८२/०८३/गतिशिल
प्रकाशन मितिः २०८२/१२/२०

कृषि विकास कार्यालय चितवन, इन्द्रसरोवर गाउँपालिका र गतिशिल साना किसान कृषि सहकारी संस्था लि. इन्द्रसरोवर ४ फाखेलबिच त्रिपक्षिय सम्झौता बमोजिम आ.व. २०८२/०८३ को स्वीकृत कार्यक्रम '**समुदायमा आधारित एक वडा एक उत्पादन कार्यक्रम**' अन्तर्गत स्पेशिफिकेसन अनुसारको फलामे ग्रीन हाउस टनेल निर्माण गर्नु पर्ने भएकोले निर्माण गर्न इच्छुक र इजाजत प्राप्त फर्म/कम्पनी/सप्लायर्सले उल्लिखित शर्तहरूको अधिनमा रहि सिलबन्दी दरभाउपत्र पेश गर्नहुन यो सूचना प्रकाशित गरिएको छ । थप जानकारीको लागिः गतिशिल साना किसान कृषि सहकारी संस्था लि. सम्पर्क नं. ९८४५१६४६५८

| सि. नं. | फलामे टनेलको साइज | संख्या वटा | अनुमानित लागत अनुमान भ्याट सहित रु. | धरौटी रकम रु. | दरभाउपत्र खरिद दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | २१ मि. X५ मि. | १ | १५,३८,६९९.०० | ३८,५००।०० | १,०००।०० | मल्चिङ र थोपा सिंचाई समेत |
| २ | १८मि. X५ मि. | १० | | | | |
| सिलबन्दी दरभाउपत्र खरिद गर्ने अन्तिम मिति २०८३/०१/०४ गते बेलुका ५ बजे सम्म | | | | | | |
| सिलबन्दी दरभाउपत्र पेश गर्ने अन्तिम मिति र स्थानः २०८३/१/०५ गते दिनको १२ बजे गतिशिल साना किसान कृषि सहकारी संस्था लि. इन्द्रसरोवर ४ | | | | | | |
| सिलबन्दी दरभाउपत्र खोल्ने मिति र स्थानः २०८३/०१/०५ गते दिनको २:०० बजे इन्द्रसरोवर गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, कुलेखानी | | | | | | |
| बोलपत्र दस्तुर तथा धरौटी रकम जम्मा गर्ने खाताः गतिशिल साना किसान कृषि सहकारी संस्था लि. को लक्ष्मी सनराइज बैंक लि. खाता नं. ०१६०५२६४१३७१०००१ | | | | | | |

**अध्यक्षः गतिशिल साना किसान कृषि सहकारी संस्था लि.**

---

**ABSOLUTELY ZERO COST RECRUITMENT Opportunity for Malaysia !!**
**पूर्णतया शून्य लागत अन्तर्गत मलेसियामा वैदेशिक रोजगारीको अवसर !!**

Free Visa, Free Ticket from Kathmandu to Malaysia, Free Bio-Medical, Free Service Charge, Free Transportation (after selection) Free Passport Cost, Free Lodging and Meals (after selection). निःशुल्क भिषा, निःशुल्क हवाई टिकट काठमाडौं देखि मलेसियासम्म निःशुल्क स्वास्थ्य जाँच, सेवा शुल्क निःशुल्क, निःशुल्क यातायात (छनौट पश्चात), निःशुल्क आवास र खाना (छनौट पश्चात), निःशल्क राहदानी शुल्क ।

**रोजगारदाताको विवरण । Employer's Information:**

Employer Company's Name: TERANG NUSA SDN BHD
रोजगारदाता कम्पनीको नामः तेराङ नुसा एस डि एन. बि एच डि.
Employer Company's Address/Job Site: Kota Bharu
रोजगारदाता कम्पनीको ठेगाना/काम गर्ने स्थानः कोटा भरू

पुर्व स्वीकृति मिति : २०८२/१२/१८ Pre Approval Date: 4-1-2026 | चलानी नं.: ६०२५३७६३ Reference No: 60253763 | LOT NO. 340325

| सि. न | Post for Migrating Worker कामदारको पद | Total No. of Demand (male) माग संख्या पुरुष | Total No. of Demand (Female) माग संख्या महिला | Minimum Requirement न्यनतम योग्यता | Monthly Basic Salary मासिक तलव QR | Monthly Basic Salary मासिक तलव ने.रु | Overtime Facility ओभरटाइम सुविधा | Working Hour per Day प्रति दिन काम गर्ने घण्टा | Working Days per Week हप्तामा काम गर्ने दिन | Yearly Leaves वार्षिक विदा | Food Facility खाना सुविधा | Accommodation Facility बस्ने सुविधा | Contract Period करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | General Worker जेनेरल वर्कर | 57 ५७ | 0 0 | Basic literacy skills साधारण लेखपढ गर्नसक्ने | 1700 १७०० | 63840 ६३८४० | As per Malaysian Labour Law मलेसिया श्रम कानुन अुसनर | 7.5 Hrs ७.५ घण्टा | 6 Days ६ दिन | As per Company rules क.नि अनुसार | No छैन | Yes छ | 2 Years २ वर्ष |

Employment Terms and Conditions /रोजगार नियम र सर्तहरुः

1. Nature of Job: General Worker in Manufacturing sector.
   काम को प्रकृतिः उत्पादन क्षेत्रमा औद्योगिक कामदार
2. Overtime shall be voluntary. Overtime Payment Calculated as
   ओभरटाइम स्वेच्छिक हुनेछ । ओभरटाइम भुक्तानी गणना
   i) on Normal Days: Salary * 1.5 / सामान्य दिनमा * तलब १.५
   ii) on Sundays/rest days: Salary * 2.0 / आइतबार/ विश्राम दिनः तलब * २.०
   iii)on Public Holidays: Salary *3.0 / सार्वजनिक बिदामा तलब ८ ३.०
3. Rest Day:One day in a week in accordance to labor law in Malaysia.
   विश्राम दिन मलेसियाको श्रम कानून अनुसार हप्तामा एक दिन ।
4. Public Holiday: Paid Holiday for atleast 11 public holidays in any one year of service in accordance to labor law in Malaysia.
   सार्वजनिक बिदाः मलेसियाको श्रम कानून बमोजिम सेवाको कुनै एक वर्षमा कम्तिमा ११ सार्वजनिक बिदाको लागि भुक्तान गरिएको बिदा ।
5. Annual Leave:8 days for first two years of service.
   वार्षिक बिदाः सेवाको पहिलो दुई वर्षको लागि ८ दिन ।
6. Sick Leave/ farem farar
   i)Without Hospitalization: 14 days sick leave for each year of service for less than 2 years.
   अस्पतालमा भर्ना बिना २ वर्ष भन्दा कम सेवाको प्रत्येक वर्षको लागि १४ दिन बिरामी बिदा ।
   ii) Incase of Hospitalization:60 days sick leave in each calender year.
   अस्पताल भर्ना भएको अवस्थामाः प्रत्येक पात्रो वर्षमा ६० दिन बिरामी बिदा ।
7. Medical and Accident Insurance: Under the current Social Security Organization (SOCSO) and if applicable, the Foreign Workers Health Insurance Scheme or any other insurance scheme as may be adopted by the Government of Malaysia which will be insured by employer.
   हालको सामाजिक सुरक्षा संस्था (SOCSO) अन्तर्गत बीमा र यदि लागु हुन्छ भने, विदेशी कामदार स्वास्थ्य बीमा योजना (SPIKPA) वा मलेसिया सरकारले अपनाएको कुनै अन्य बीमा योजना जुन रोजगारदाताद्वारा गरिनेछ ।
8. Right to freedom of association and collective bargaining will be respected.
   संघको अधिकार र सामुहिक बार्गेनिङलाई सम्मान गरिनेछ ।
9. Right to freedom of Religion.
   धर्मको स्वतन्त्रताको अधिकार ।
10. Right to Freedom of Movement and allowed to repatriate without any Deposits.
    आवतजावतको स्वतन्त्रताको अधिकार र कुनै पनि निक्षेप बिना स्वदेश फिर्ता गर्न अनुमति ।
11. Incase of Repatriation and Early Termination, Employer shall bear the cost of Transportation from Malaysia to Nepal.
    स्वदेश फिर्ता भएमा र प्रारम्भिक समाप्ति भएमा, मलेसियाबाट नेपालसम्मको यातायात खर्च रोजगारदाताले बहन गर्नेछ ।

| Domestic Medical borne by whom and how much does it cost स्वदेशमा गर्ने मेडिकल शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | Abroad Medical cost borne by विदेशमागर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | Domestic Foreign terminal insurance borne by whom & how much does it cost स्वदेशमा गर्ने म्यादि जीवनविमा कस्ले व्यहोर्ने र कति लाग्ने | Insurance Facility on Employment Yes/No and who will borne the premium cost रोजगारमाविमाहुने नहुने र प्रिमियम कस्ले तिर्ने | Expenses of Air fare will borne by whom and how much does it cost कामदारलाई हवाई टिकट कस्ले दिने र कति लाग्ने | Visa fee will borne by भिषा शुल्क कस्ले व्यहोर्ने | Visa Stamping cost will be borne by भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | Orientation cost will borne by and how much अभिमुखिकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | Management of Welfare fund कल्याणकारी कोष सम्वन्धि व्यवस्था | Rate of service Charge and who will borne सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाता रोजगारदाताले व्यहोर्ने | By Employer Age 18-35= 3708 Above 35 age= 4931 रोजगारदाताले व्यहोर्ने उमेर १८-३५= ३७०८ ३५ वर्ष माथि= ४९३१ | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोने | By Employer रोजगारदाताले व्यहोने | By Employer रोजगारदाताले व्यहोर्ने |

फाइनल अन्तर्वार्ता ट्रष्ट नेपाल ओभरसिज प्रा.लि. को महाराजगञ्ज काठमाडौं, कार्यालयमा मिति २०८२ चैत्र २८ गते हुनेछ ।
**Interview will be conducted at the premises of Trust Nepal Overseas, Maharajgunj Kathmandu on 11th Apr, 2026.**
**' Candidates with working experience in a rubber factory in Malaysia will be given high priority '**
मलेसिया स्थित रबर कारखानामा काम गरेको अनुभविलाई विशेष प्राथमिकता दिइनेछ ।

ट्रष्ट नेपाल ओभरसिज प्रा.लि. को कुनै शाखा तथा मध्यस्थकर्ता छैन । वैदेशिक रोजगारमा जाने कामदारहरूबाट यस प्रा.लि. ले कुनै पनि भर्ना शुल्क लिने छैन । यसको मतलब कुनै पनि भर्ना प्रक्रिया शुल्क नलाग्ने, तलब कटौती नहुने जबरजस्ती बचत गर्नु नपर्ने, कुनै बन्धन नहने र नगद जम्मा गर्नु नपर्ने ।

**Trust Nepal Overseas Pvt. Ltd. does not have any branch or mediator representative. It is a non-fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions,no forced savings, no bonds, no cash deposits or any form of fees.**

**Note:** (नोट)

1. **This is an absolutely zero-cost recruitment. Thus, the applicants are invited to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment.**
१. यो पूर्णतया शून्य लागत अन्तर्गतको रोजगारी हो । यसकारण, आबेदकहरूलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) बिना सिधा आवेदन गर्न आमन्त्रित गरिएको छ । आबेदक वा आबेदकका परिवारका सदस्यहरूले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन ।
2. **This recruitment will be conducted adhering to freely chosen employment policy without any form of biasness or discrimination.**
२. यो भर्ती कुनै पनि प्रकारको पूर्वाग्रह वा भेदभाव विना स्वतन्त्ररूपमा रोजेको रोजगार नीतिको पालना गरि सञ्चालन गरिनेछ ।

ठगहरूबाट साबधान रहनुहोस्/**Beware of Swindlers**

कृपया धोखाधडी, अबैध क्रियाकलाप वा भ्रष्टाचार बिरूद्ध ट्रष्ट नेपालको हेल्पलाइन नं ९८०२०२१३६१ मा वा इमेल *tnocomplaint@trustnepal.com* मा प्रतिशोध तथा धम्कीको डर विना रिपोर्ट गर्न नहिचकिचाउनुहोस् । हामी तपाईको गोपनीयता सुनिश्चित राख्नेछौं ।

**Feel free to report against fraud, illegal activities or corruption in Trust Nepal's Helpline +9779802021361 or email at tnocomplaint@trustnepal.com without fear of reprisal or intimidation. We shall maintain confidentiality of the complainant/whistle blower.**

**वैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :-** १. जापनो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस् । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन न हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४. विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुबिधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

**Information provided by the Department of Foreign Employment (DOFE):** 1. Confirm that visa is issued under your name. 2. Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble. 3. Be clear on the services, facilities and salary that is mentioned in this advertisement. 4. Before going abroad orientation or induction training should be attended compulsorily. 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same. 6. While going abroad use International Airport of Nepal or else you might be deceived. 7. If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment (DOFE), Tahachal.

Trust Nepal Overseas (P.) Ltd.
We are an ethical and responsible recruitment agency.

ट्रष्ट नेपाल ओभरसिज प्रा.लि.
Trust Nepal Overseas Pvt. Ltd.
चप्पल कारखानाचोक, महाराजगन्ज, काठमाडौं, नेपाल, Chappalkarkhana, Maharajgunj, Kathmandu, Nepal
Ph. No. 4377190/4377198, Fax No. 977 1 4379588, Email: info@trustnepal.com
Hotline No. 9802021361

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## निजी सञ्चार माध्यमको घाँटी थिच्ने काम बन्द गर

**राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा)को वाचापत्रको पहिलो पृष्ठमा 'थिति बसाल्ने संकल्प' लेखिएको छ । पुराना दलको मनपरी र भ्रष्टाचारको विरोधमा आवाज बुलन्द पारेको रास्वपालाई मिडियाले साथ दियो । सुशासनको पक्षमा उभिएको निजी सञ्चार माध्यमले रास्वपालाई पूर्ण रूपमा समर्थन पनि गर्‍यो ।**

**निजी सञ्चार माध्यम सधैं भ्रष्टाचारको विरोधमा उत्रिरहन्छ र सरकारमाथि प्रश्न गरिरहन्छ । यसले गर्दा पुराना दलप्रति वितृष्णा बढ्दा रास्वपाका पक्षमा एकाएक माहोल बन्यो । किनकि निजी सञ्चार माध्यमले पुराना दलले गरेको अनियमितताको खुलेर विरोध गरेको थियो । यसरी नै माहोल बन्दा रास्वपाले फागुन २१ गतेको निर्वाचनमा १८२ सिट जित्न सफल भयो । तर उही प्रश्न गर्ने सञ्चार माध्यमको घाँटी निमोठ्ने गरी सरकारले सरकारी विज्ञापन रोक्ने निर्णय गरेको छ ।**

**सरकारी संरचनाबाट आउने विज्ञापनमा कर्मचारी, बिचौलियाबाट कमिसनको खेल भएको हुनसक्छ । यसमा सरकारले निष्पक्ष छानबिन गरी संलग्नहरूलाई कारबाहीको दायरामा ल्याउन सक्छन् । निजी सञ्चार माध्यम, विज्ञापन संघदेखि सम्बन्धित सरोकारवालासँग सरकारले छलफल गरी रणनीति तय गर्न सक्छन् । तर सरकारले रोग लागेको मानिसलाई रोगको उपचार गर्नुको साटो 'हत्या' को बाटो रोजेको देखिन्छ ।**

**घाँटी निमोठेपछि उपचार गरिरहनु नपर्ने नीति सरकारको देखिएको छ । एक त खुला अर्थतन्त्र, अर्को रोजगारी सिर्जनाको वाचा । कोरोना महामारीदेखि जेन–जी विद्रोहले थिलोथिलो भएको सञ्चार उद्योग क्षेत्रमा हजारौं सञ्चारकर्मी कार्यरत छन् । प्रकाशन/प्रसारणदेखि वितरणसम्म कयौं कामदार कार्यरत छन् । यसरी सबैभन्दा पहिले यी सञ्चारकर्मी र कामदारको रोजगार खोस्ने बाटोमा सरकार लागेको देखिन्छ ।**

**सरकारले पहिले सरोकारवालाहरूसँग छलफल गर्ने हो । विकल्प दिने हो । समयसीमा दिने हो । तर जनताले विश्वास गरेर झन्डै दुई तिहाइ पुगनपुग सिट दिएको सरकार तानाशाही शैलीमा उत्रिएको छ । उसको नीति प्रश्न नगर्ने सरकारी सञ्चारमाध्यमलाईमात्र पोस्ने देखिएको छ । वाक स्वतन्त्रता, सूचनाको हक र प्रश्न सोध्न पाउने नागरिकको न्युनतम अधिकारको त्रिवेणी मानिने निजी सञ्चारमाध्यमलाई कमजोर बनाउने यस्तो नीति तुरुन्त खारेज गर्नुपर्दछ ।**

**यस्तो निरंकुश कदमबाट सरकार 'ब्याक' नभए यसको क्षतिको जिम्मेवारी रास्वपाको सरकार हुनुपर्ने छ । नागरिकको आवाज रोक्न खोज्दा २०७४ मा बनेको नेकपाको शक्तिशाली सरकार र २०८१ मा बनेको एमाले र कांग्रेस नेतृत्वको सरकार सडकमा पुगेको जगजाहेर नै छ । यसैले नागरिकको मौलिक हकको सुनिश्चिता गर्न यस्तो निर्णय तुरुन्तै फिर्ता लिएर परिमार्जन गरी सरोकारवालासँग छलफल गरी अघि बढ्नु नै बुद्धिमतापूर्ण हुनेछ ।**

श्रम सरोकार

## निर्माण क्षेत्रमा काम गर्दा अपनाउनुपर्ने सावधानी

वैदेशिक रोजगारीमा गएका धेरै नेपालीहरू निर्माण क्षेत्रमा कार्यरत छन् । निर्माण क्षेत्रमा काम गर्दा विशेष सतर्कता अपनाउनुपर्ने हुन्छ । किनभने हरेक क्षण जोखिममा काम गर्नुपर्छ । निर्माण क्षेत्रमा काम गर्ने कामदारहरूले सुरक्षा सावधानीका आवश्यक सबै नियमहरूको पूर्ण पालना गर्नुपर्दछ, जसमा न्यूनतम् यी कुराहरू पर्दछन्:

- हातमा पञ्जा वा कामको प्रकृति सुहाउँदो, टाउकोमा हेलमेट खुट्टामा सेफ्टी सुज (स्टिल टो भएको जुत्ता), पूरै शरीर ढाकिने युनिफर्म, आँखामा सेफ्टी ग्लास (चस्मा), मुखमा मास्क (धूलो हुनेमा अनिवार्य), कानमा इयर प्लग (ठूलो आवाज हुनेमा अनिवार्य) सामान्यतया प्रयोग गरिने न्यूनतम उपकरणहरू हुन् । यिनका अतिरिक्त स्काफोल्डिङ प्रयोग गरिने उचाई या गहिराइका काममा डोरीसहितको विशेष सेफ्टी ज्याकेट र बेल्ट, स्याण्ड ब्लास्टिङ गर्दा ब्लास्टिङका विशेष उपकरण जस्तै विशेष काममा विशेष (अतिरिक्त सुरक्षा) उपकरणहरू प्रयोग गर्ने ।
- काम गर्ने ठाउँमा आगो नियन्त्रणका लागि एकजना रेखदेख गर्ने व्यक्ति र सुरक्षा सावधानी हेर्ने छुट्टै सेफ्टी सुपरभाइजर पनि अनिवार्य रहनुपर्ने नियम नै हुन्छ, उक्त नियमको पालना गर्ने ।
- कम्पनीको काम व्यक्तिगत काम जस्तो आफूखुसी गर्नु हुँदैन, ठूला कम्पनीहरूका प्रायः काममा हरेक दिन काम सुरू गर्नुअघि अनुमति लिनुपर्ने सिस्टम हुन्छ, यस्तो पर्मिट दिनुअघि काम गर्ने स्थल सुरक्षित छ छैन जाँच गर्नुपर्छ ।
- काममा प्रयोग हुने सबै उपकरणहरू दुरूस्त हुनुपर्दछ, जाँचेर सुरक्षित भएको ट्याग नै लगाइएको हुनुपर्दछ । साथै गाडी चालक तथा अपरेटरहरू पनि लाइसेन्स होल्डरहरू हुनुपर्दछ ।
- आफूले नजानेको, नबुझेको या नसक्ने काम गर्नुहुँदैन, पहिले सिकेर दक्ष र सक्षम बन्नुपर्दछ ।
- शारीरिक र मानसिकरूपमा अस्वस्थ रहेको बेला काम गर्नु हुँदैन, आराम गरी पहिला स्वस्थ बन्नुपर्दछ ।
- ठूलो हावाहुरी चल्दा, पानी पर्दा या अरू कुनै प्रदूषण फैलिएको असामान्य र असुरक्षित अवस्थामा काम गर्नु हुँदैन ।

# दिगो भविष्यको खोजीमा सेयरबजार



❑ रिसव गौतम

" माफिया र बिचौलियाहरूको खोजी र तिनका वित्तीय अपराधमाथि अंकुश नलगाई सेयरबजारको दिगो भविष्य हुँदैन । त्यसकारण साना तथा व्यावसायिक लगानीकर्ताहरूले आत्तिएर सेयर बेच्न जरूरी छैन । बरू सेयर किन्ने बेला छ अहिले । किनकि सरकारले राम्रो संकेत देखाएको छ । १०० कार्यसूचीमा अर्थतन्त्र सुधारका धेरै कुरा आएका छन् । निजी व्यावसायिक संस्थाहरु लगानीका लागि हौसिएका छन् । त्यसकारण लगानीकर्ताहरु आत्तिने हैन, बरू आशावादी हुने समय छ ।

निर्वाचान हुने सुनिश्चित भएर काठमाडौं महानगरपालिकाका पूर्वमेयर बालेन्द्र शाह राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)मा प्रवेश गरेपछि सेयरबजार एक्कासि ४७.५५ अंकले बढेको थियो । त्यसअघि त्यही पुस महिना र अघिल्ला महिनाहरूमा पनि सेयरबजार करिब निदाएको थियो । लगानीकर्ता निराश थिए । रास्वपामा बालेन्द्रको मिलनपछि उत्साहित बजार चुनाव नजिकिँदै गर्दा बढ्दै गइरहेको थियो ।

फागुन २१ गतेको निर्वाचनमा नयाँ भनिएको र 'जान्नेलाई छान्ने' नारासहित घण्टी चिह्न लिएर निर्वाचनमा होमिएको दल रास्वपाले करिब दुईतिहाइ (१८२ सिट) बहुमत ल्यायो । निर्वाचनपछि खुलेको बजारले त झन् भावी प्रधानमन्त्री बालेन्द्र शाहलाई अघि सारेको रास्वपाको जितलाई एकैदिन तीन हल्ट हानेर स्वागत गर्‍यो । बजार एकै दिन छ प्रतिशत अर्थात् १६२ अंकले बढ्यो । त्यसपछि थोरै 'करेक्सन' हुँदै बढ्ने क्रममै रहेको सेयरबजार बालेन्द्र नेतृत्वको सरकार बनेपछि भने निरन्तर घटिरहेको छ । चैत १३ गते नयाँ सरकार बनेपछिको चार कारोबार दिनमा भने बजार १७४ अंकले घट्दा लगानीकर्ता निराश छन् । यद्यपि, बिहीबार ५.८२ अंकले नेप्सेमा सुधार आएको छ ।

दुईतिहाइ बहुमत प्राप्त सरकार बनेपछि बजार घट्नु दुईवटा कारण महत्त्वपूर्ण देखिन्छन् । पहिलो कारण सरकार गठन भएकै दिन मन्त्रिपरिषद्बाट पास भएको सरकारको १०० कार्यसूची हो । जहाँ ०४७ सालयताका उच्चपदस्थ कर्मचारी, सांसद, मन्त्री तथा प्रधानमन्त्रीको सम्पत्ति आयोग बनाएर छानबिन गरिने कुरा आएको छ । सम्पत्ति शुद्धीकरणको कुरा व्यापक कार्यान्वयनमा लैजाने कुरा आएको छ ।

त्यसलगत्तै जुनै सरकार आए पनि त्यसलाई प्रभावमा राखेर बिचौलिया धन्दा चलाएर अकुत आर्जन गर्दै आएको आरोपमा दीपक भट्ट र अग्रवाल थरका उनका साझेदारका वित्तीय अपराधको अनुसन्धान सुरु भएका छन् । त्यसैगरी व्यवसायी तथा पूर्वमन्त्री दीपक खड्का पनि सम्पत्ति शुद्धीकरण अनुसन्धानका लागि यही बीचमा पक्राउ परे ।

तीसँगै धेरै सेयरबजारसँग जोडिएका कतिपय अन्य व्यापारीहरू पनि तानिने व्यापक हल्ला भए । खासगरी दीपक भट्ट र तिनका साझेदारहरूका रकम सेयरबजारका कतिपय कम्पनीहरूमा भएको पाइएकाले पनि बजार तीव्र घटेको हो । नेपालजस्तो वित्तीय अपराध, अनियमितता र भ्रष्टाचारको दुश्चक्रमा परेको देशमा दीपक भट्टहरू अरु धेरै होलान् । त्यस्ता अपराधको माध्यमबाट आर्जित धन सेतो बनाउने थलो सेयरबजार पनि बन्ने गरेको अनुमान धेरैका छन् । त्यस्तो परिस्थितिबाट गुज्रँदै आएको बिचौलियाहरूले नै चलाएको देशमा सरकारले पहिलो दिनदेखि नै त्यस्ताहरू खोज्न थालेपछि बजार घट्ने नै भयो । त्यसकारण यो बजार त्यस्तै बिचौलियाहरूले आत्तिएर सेयर घटाएर भए पनि बेच्न थालेपछि घटेको हो । तर बजारका असल एवं व्यावसायिक लगानीकर्ताहरू आत्तिनुपर्ने छैन ।

बालेन्द्र सरकारले वास्तवमा वित्तीय अपराधमा संग्लनहरूलाई सुरुदेखि नै कारबाही गर्न थालेको हो । त्यो अत्यन्त सराहनीय काम हो । अझ सकिन्छ भने हरेक नेपालीको आम्दानीको अडिट हुनुपर्छ र देशलाई सङ्लो पानीझैं वित्तीयरूपमा सफा बनाउन जरुरी छ । त्यसकारण अहिलेको घटाइ वित्तीय बजारको फोहोर सफा गर्न खोज्दाको परिणाम हो । सेयरबजारमा सबै त्यस्ता छैनन । ती भनेका सीमित छन् । ६३ लाख मानिस बजारसँग जोडिएका छन् । धेरैले आफ्नो खाइ नखाइ गरेर जोगाएका पैसा सेयरमा हालेर आर्थिक स्तर बढाउन खोजेका छन् । सानो-सानो जागिरदेखि मकै पोलेर, चिया बेचेर आर्जन गर्नेहरू पनि सेयरबजारमा छन् ।

फोहोर सफा गर्नैपर्ने थियो । देशलाई सम्पत्ति शुद्धीकरणको 'ग्रे लिस्ट'बाट हटाउन पनि वित्तीय अपराधमाथि कारबाही जरुरी थियो । त्यो सुरु भएको छ । धेरै व्यवसायीहरू पनि सम्पत्ति शुद्धीकरणको छानबिनको दायरामा आउने डरले पनि बजार घटेको हो । बालेन्द्र सरकारले त्यसको थालनी 'डे वान'देखि गरेको छ । हामीले के बुझ्नुपर्छ भने हाम्रो घर जति नै नयाँ, भव्य वा आर्कषक भए पनि फोहोर एवं दुर्गन्धित भयो भने त्यहाँ बस्न सकिँदैन । तर घर परम्परागत भए पनि वा पुराना भए पनि सफा एवं चिटिक्क भयो भने बस्नलायक हुन्छ र बस्न सकिन्छ पनि ।

त्यसकारण आर्थिक अपराध, अपचलन, ठगी, बेइमानी र भ्रष्टाचारको सफाइ जरुरी छ । त्यसमाथि कारबाही भएन भने त्यसले सेयरबजारमात्र होइन समाजलाई नै निकम्मा बनाइदिन्छ । त्यसकारण ती कदम ढिलोचाँडो उठाउनु नै थियो । बालेन्द्र सरकारले शपथ खाएको पहिलो दिनबाटै सुरु गरेको छ । त्यो अत्यन्त राम्रो हो । तर यस्ता कदमहरू भेदभावरहित ढंगले र पूर्णता पाउनेगरी सतत् अघि बढाउनुपर्छ । र, त्यसलाई निष्कर्षमै पुर्‍याउनुपर्छ । कतै अपलपत्र पार्नु हुँदैन ।

माफिया र बिचौलियाहरूको खोजी र तिनका वित्तीय अपराधमाथि अंकुश नलगाई सेयरबजारको दिगो भविष्य हुँदैन । त्यसकारण साना तथा व्यावसायिक लगानीकर्ताहरूले आत्तिएर सेयर बेच्न जरुरी छैन । बरु सेयर किन्ने बेला छ अहिले । किनकि सरकारले राम्रो संकेत देखाएको छ । १०० कार्यसूचीमा अर्थतन्त्र सुधारका धेरै कुरा आएका छन् । निजी व्यावसायिक संस्थाहरू लगानीका लागि हौसिएका छन् । विदेशमा रहेकाहरू पनि अलिकति राम्रो भए सम्पत्ति यतै ल्याएर केही गर्नेगरी सरकारको कार्यसम्पादन हेरिरहेका छन् । सरकारले अनावश्यक संघसस्था तथा खर्च कटौती गरेर डुबेका संस्थानहरू चलाउने, विकास निर्माणमा स्रोत जुटाउने जुक्तिहरू निकालिरहेको देखिन्छ । खासगरी ती काममा अन्तर्राष्ट्रियरूपमा ख्याती कमाएका अर्थविद् अर्थमन्त्री डा. स्वर्णिम वाग्ले लागिरहेका देखिन्छन् । त्यसकारण लगानीकर्ताहरू आत्तिने हैन, बरु आशावादी हुने समय छ ।

अर्को, बजार अहिले घट्नुको दोस्रो कारण रास्वपाले वाचापत्रमै करार गरेका गौरीबहादुर कार्की नेतृत्वको जाँचबुझ आयोगको प्रतिवेदन कार्यान्वयन गर्ने निर्णय गर्नुले हो । नयाँ सरकारले जेन-जी आन्दोलनको जगमा भएको निर्वाचनबाट अनुमोदित भएपछि त्यो प्रतिवेदन कार्यान्वयनमा लैजानु नौलो कुरा होइन । सो निर्णयपछि नयाँ गृहमन्त्री तथा जेन-जी आन्दोलनका अगुवा सुधन गुरुङ रकेट गतिमा प्रतिवेदन कार्यान्वयन गर्न लागे । आन्दोलनमा लापारवाही गरेर हिंसा भएको भन्दै ज्यान मुद्दामा अनुसन्धानका लागि पूर्वप्रधानमन्त्री तथा एमाले अध्यक्ष केपी ओली र उनको क्याबिनेटका गृहमन्त्री रमेश लेखकलाई सरकारले गिरफ्तार गर्‍यो । ओलीको गिरफ्तारीसँगै एमालेले आन्दोलनका कार्यक्रमहरू सार्वजनिक गर्‍यो । त्यसले पनि बजारमा अन्योल र त्रासदी बढ्यो, जुन बजार घट्ने कारण बन्यो । तर एमाले-कांग्रेसजस्ता जिम्मेवार पार्टीले कानुनलाई सघाएर आन्दोलनका गतिविधिहरू रोक्नुपर्छ र विषय त्यतै गएको पनि छ ।

उल्लिखित दुवै घट्नाक्रमका कारणले सेयरबजारमा पहिरो गएको हो । तर त्यो दिगो हुँदैन । केही दिन, हप्ता वा महिनामा विगतका धेरै फोहोरहरू सरकारले सफा गर्ने छ । त्यसपछि सेयरबजारले रकेट गति लिनेमा दुईमत छैन ।

किनकि, एकातिर दुईतिहाइ बहुमतसिद्ध रास्वपाको नयाँ सरकार बनेको छ । १५ मन्त्रालयमा ४० वर्षमुनिकै नौ मन्त्री सहभागी बालेन्द्र नेतृत्वको सरकारमा पढेलेखेका जोशिला युवाहरूको बाहुल्यता छ । त्यसकारण पनि सेयरबजारलाई एक किसिमको आशा छ । नयाँ भनिएका र धेरैजसो पढेलेखेका युवाहरू आइरहँदा बजारले आश गरेको छ । आर्थिकरूपमा देशले परिवर्तन पाउने जनतामा आशा छ ।

पाठक मञ्च

# जनताको निस्क्रिय खातामा नजर नलगाऊ, सम्पत्तिको स्रोत खोज

सर्वसाधारणले आफ्नो सम्पत्ति बेचेर, जागिर खाएर, विदेश गएर कमाएको रकम बैंक, फाइनान्स, सहकारी, लघुवित्तमा राखेका छन् । बैंकमा सुरक्षित रहन्छ र थोरै भए पनि ब्याज आउँछ भनेर सर्वसाधारणले पैसा बचत गरेका हुन् । तर, बचतकर्ताको बचत बैंक तथा वित्तीय संस्थाका सञ्चालक र कर्मचारीले आफ्नो खल्तीकोझैं गरे ।

बचतकर्ताले खाइनखाई, जिन्दगीभर दुःख गरेर राखेको पैसा घुस खाएर सञ्चालक र कर्मचारीले जोखिमपूर्ण क्षेत्रमा लगानी गरेका छन् । जसका कारण आज बचतकर्ता डुब्ने अवस्थामा पुगेका छन् । सुरक्षित हुन्छ भनेर बैंक तथा वित्तीय संस्थामा पैसा राखेकोमा त्यहीँ चोरी हुन थालेको छ । कर्मचारीहरूले नै खाताबाट पैसा निकालिरहेका छन् ।

बैंक तथा वित्तीय संस्थाले नागरिकको विश्वासमाथि घात गरेका छन् । सहकारी र लघुवित्त डुब्दा करोडौं जनताको बिल्लीबाठ भएको छ । अहिले बैंक पनि संकटमा छ । बैंकमा समस्या देखिइसकेको छ । जलविद्युत्सहित अन्य कम्पनीले १०० रूपैयाँमा निकासा गरेर सेयरलाई बैंकले ३२ सय रूपैयाँसम्म लगानी गरेको छ ।

अनि बैंक नडुबेर के डुब्छ ? लगानी गर्नुअघि बैंक तथा वित्तीय संस्थाका कर्मचारीले जनताको पैसा हो भनेर सोच्नुपर्दैनथ्यो ? छिटो नाफा कमाउनका लागि बैंकले प्रतिआना एक लाख रूपैयाँमा बिक्री नहुने जग्गामा करोडौं लगानी गरेको छ । घुस खानका लागि गाडीमा आँखा चिम्लेर लगानी गरिएको छ ।

यस्ता अनुत्पादक क्षेत्रमा लगानी गर्नुको साटो उद्योग-कारखानामा गरेको भए राज्य र जनतालाई कति फाइदा हुन्थ्यो ? त्यो पैसा डुब्थ्यो ? बैंक तथा वित्तीय संस्था दिनको दुईगुणा र रातको चौगुणा कमाउनतिर लागे । जसको असर आज देखिँदै छ । सहकारी डुबिहाल्यो । अहिले बैंकमा संकट देखिँदै छ ।

पहिले बूढापाकाले भन्थे, 'मुठ्ठीभित्रको धन ।' मुठ्ठीबाट पैसा उम्केपछि आउँदैन भनेर उनीहरू लुकाएर राख्थे । बूढापाकाले दिएको उपदेश ढिला बुझ्दा जनता डुबेका हुन् । ब्याजको लोभमा जनताले आफ्नो पुर्ख्यौली सम्पत्तिसमेत बेचेर बैंक तथा वित्तीय संस्थामा राखे । अहिले साँवा नै बचेन । बैंक तथा वित्तीय संस्थाले जोखिमपूर्ण क्षेत्रमा लगानी गर्दा सरकारले मतलब गरेन । सरकारले इजाजतपत्र दियो, कर लियो तर नियमन गरेन । सरकारको हेल्चेक्र्याइँले बैंक तथा वित्तीय संस्था अस्तित्व नै मेटिने अवस्थामा पुगेको छ । पहिले सहकारी डुब्यो, अब बैंकको पालो आउँदै छ ।

सरकारले बैंक तथा वित्तीय संस्थामा नियमित नियमन गरेको भए, सायदै आज यो अवस्था आउँथ्यो । यता, जनता पनि ब्याज आउँदा मख्ख परे । आफ्नो पैसा कहाँ लगानी गरेर बैंक तथा वित्तीय संस्थाले लगानी गरेको छ ? जनताले कहिल्यै खोजेनन् । महिनैपिच्छे ब्याज आएपछि बचतकर्ता मख्ख । काम नगर्ने, ब्याजमा रमाउने प्रवृत्ति मौलाउँदै गएको थियो ।

बचतकर्तालाई राम्रो ब्याज दिन र घुस खान बैंक तथा वित्तीय संस्थाले जोखिमपूर्ण क्षेत्रमा लगानी गर्‍यो । अहिले पैसा डुबेपछि बचतकर्ता पछुताउँदै छन् । बचतकर्ता कहिल्यै आफ्नो पैसा कहाँ लगानी गरिएको छ ? भनेर खोज्न हिँडेनन् । कुन बैंकले कति ब्याज दिन्छ ? कहाँ बढी ब्याज पाइन्छ ? भनेर खोज्दै हिँड्थे ।

तर, भुइँको टिप्न खोज्दा पोल्टाको पनि खसेको छ । पहिले बैंक तथा वित्तीय संस्थाले लुट्यो, अब सरकारले लुट्दै छ । जनताको पैसामा सरकार नजर गाडेर बसेको छ । सरकारले निस्क्रिय खातामा रहेको एक खर्ब ६६ करोड रूपैयाँ राष्ट्रियकरण गर्ने तयारी गरिरहेको छ । जनताको पैसा त्यसरी लैजान मिल्छ ?

सरकारले त सार्वजनिक सूचना जारी गरेर क-कसको खातामा कति पैसा छ ? जनतालाई जानकारी गराउनुपर्ने हो । त्यसपछि पनि जनता हकदाबी गर्न आएनन् भने छुट्टै कुरा हो । तर, सरकार सूचना नै जारी नगरीकन जनताको पैसा खलप्पै पार्ने दाउमा छ । सरकारले स्रोत नखुलेको पैसा राष्ट्रियकरण गरोस् ।

जनताकै हकमा पनि खोजतलास गरोस्, स्रोत खुलेन भने राज्यको नाममा लगोस् । तर, राज्य जनताले बचत गरेको पैसामा आँखा लगाएर बसेको छ । त्यसरी बचत गर्ने कतिपय मरिसकेका होलान् । उनीहरूको परिवारलाई पैसा राखेको छ भनेर जानकारी नहोला । तिनलाई जानकारी गराउने कि जानकारी नभएको मौका छोपेर हात मार्ने ?

सरकार पनि जनता लुट्ने बाटोमा छ । बाबुआमाको सम्पत्तिमा छोराछोरीको हकदाबी लाग्छ । तर, थाहै नपाई कसरी हकदाबी गर्नु ? सरकारले निस्क्रिय खाताको पैसा राष्ट्रियकरण गर्नुअघि सार्वजनिक सूचना जारी गरेर जनतालाई सूचित गराउनुपर्छ । सरकारले एक लाखसम्म बचत भएका सहकारीका बचतकर्तालाई रकम फिर्ता गर्ने निर्णय गरेको छ । जनताले तिरेको करबाट सरकारले त्यो रकम फिर्ता गर्दै छ । जनताले तिरेको करले रकम फिर्ता गर्ने होइन, तिनको स्रोत खोज्ने हो । त्यो पैसा कहाँबाट ल्यायो ? स्रोत खोल्न सक्यो भने फिर्ता दिने नत्र समात्ने । भ्रष्टाचार गरेको, राजस्व छलेको पैसा सहकारीमा लगेर राखिएको छ । त्यस्तालाई समात्ने कि जनताले तिरेको करबाट रकम फिर्ता दिने ?

**- अनुसा थापा, भक्तपुर**

**जानकारी**

अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । -संपादक

prabhabdailynews@gmail.com
facebook.com/prabhab online



**एसइई परीक्षा दिदै विद्यार्थी** | संखुवासभाको खाँदबारी नगरपालिका–१ स्थित हिमालय माध्यमिक विद्यालय परीक्षा केन्द्रमा माध्यमिक शिक्षा परीक्षा (एसइई) परीक्षा दिँदै विद्यार्थी । *तस्बिर: रासस*

# नदी कटान रोक्न जैविक तटबन्ध



**दोधारा चाँदनी (कञ्चनपुर)–** कञ्चनपुरमा नदी नियन्त्रणका लागि दातृ निकाय र जनश्रमदानमा जैविक तटबन्ध निर्माण गरिएको छ । कञ्चनपुरको पुनर्वास नगरपालिका र लालझाडी गाउँपालिकास्थित दोदा नदीको कटान रोक्न जैविक तटबन्ध निर्माण गरिएको पुनर्वास नगरपालिका–७ का अध्यक्ष मुलचन्द रानाले नदी जानकारी दिए । हरेक प्रत्येक वर्ष नदीको बाढीबाट प्रभावित हुँदै आएको क्षेत्रमा तटबन्ध निर्माण गरिएको उनले बताए ।

'हरेक वर्ष यहाँ करिब ३०० परिवार बाढीबाट प्रभावित हुँदै आएका छन् । खेतीयोग्य जग्गा कटान हुँदै आएको छ । त्यसलाई रोक्न जैविक तटबन्ध निर्माण गरिएको हो,' वडाध्यक्ष रानाले भने । लालझाडी गाउँपालिकाकी अध्यक्ष निर्मला रानाले यहाँको पुनर्वास र लालझाडी गाउँपालिका हरेक वर्ष बाढीबाट प्रभावित हुँदै आएको बताइन् । उनले बाढी प्रभावित वडा नं १ र ४ मा जैविक तटबन्ध निर्माणको काम भइरहेको जानकारी दिइन् ।

नेपाल राष्ट्रिय समाज कल्याण संघ, स्थानीय पालिका र जनश्रमदानमा नदी नियन्त्रणका लागि जैविक तटबन्ध निर्माण गरिएको हो । संघद्वारा सञ्चालित 'नेपालमा पूर्वानुमानमा आधारित पूर्वकार्यको सुदृढीकरण (सान)' परियोजनाअन्तर्गत कञ्चनपुर र कैलाली जिल्लाका नदी तटीय क्षेत्रमा कटान तथा डुबान नियन्त्रणका लागि जैविक तटबन्ध निर्माण गरिएको परियोजनाका संयोजक देवराज बडूले जानकारी दिए ।

उनका अनुसार कञ्चनपुरको पुनर्वास नगरपालिकामा ७०० मिटर, लालझाडी गाउँपालिकामा ६०० र कैलालीको भजनी नगरपालिकामा ७०० मिटर जैविक तटबन्ध निर्माण गरिएको छ । पुनर्वासमा २९ लाख १३ हजार रूपैयाँ, लालझाडीमा ४४ लाख ७९ हजार रूपैयाँको लागतमा तटबन्ध निर्माण गरिएको बडूले बताए । उनले भने, 'परियोजना, पालिका र जनश्रमदानमा तटबन्ध निर्माण गर्ने थालिएको हो । स्थानीय स्रोतसाधनको प्रयोग र समुदायको सक्रिय श्रमदानका कारण यो तटबन्ध परम्परागत संरचनाभन्दा दिगो र वातावरणमैत्री छ ।'

परियोजना संयोजक बडूले जैविक तटबन्धले नदीको बहावलाई प्राकृतिकरूपमा व्यवस्थापन गर्ने भएकाले यसले दीर्घकालीनरूपमा भूक्षय रोक्न र तटीय क्षेत्रको जैविक विविधता संरक्षणमासमेत महत्त्वपूर्ण टेवा पुगाउने विश्वास व्यक्त गरे । *रासस*

# नियमित भएन 'एचआइभी संक्रमित'लाई पोषण सहयोग

**टीकापुर–** कैलालीको टीकापुरका एचआइभी संक्रमितहरूले पोषण सहयोग नियमित गर्न पालिकासँग माग गरेका छन् । एचआइभी संक्रमितलाई टीकापुर नगरपालिकाले विगत छ वर्षदेखि पोषण सहयोगबापतप्रति व्यक्ति छ हजार उपलब्ध गराउँदै आएको छ । संक्रमित व्यक्तिको बैंक खातामार्फत पोषणका लागि रकम भुक्तानी हुने गरेको छ । टीकापुरमा गत वर्ष ११५ जनाले पोषण सहयोग लिएका थिए ।

पोषण सहयोगका लागि गत वर्ष सात लाख ५० हजार रूपैयाँ बजेट थियो । यस वर्ष तीन लाख रूपैयाँमात्रै बजेट विनियोजन भएकाले नपुग्ने हुँदा पुरानै व्यवस्था अनुसार सहयोग उपलब्ध गराउन संक्रमितको अधिकारका क्षेत्रमा क्रियाशील नवजीवन एकता समाजका अध्यक्ष जगत भण्डारीले माग गरे ।

'एचआइभी संक्रमित शारीरिकरूपमा कमजोर छन्, उनीहरू अन्यव्यक्ति जसरी काम गर्न सक्दैनन्,' अध्यक्ष भण्डारीले भने, 'पालिकाले दिने थोरै रकमले पनि उनीहरूलाई एक/दुई महिना छाक टार्न सहयोग हुन्छ । नियमितरूपमा दिइरहेको यस्तो सहयोग घटाउन हुँदैन ।'

वि.सं. २०६४ मा स्थापना भएको नवजीवन एकता समाजले कैलालीमा एचआइभी संक्रमितको अधिकार, रोग निदान, स्वास्थ्य उपचार र परामर्शजस्ता कार्यमा सघाउँदै आएको छ । समाजका अनुसार टीकापुरमामात्रै १६५ जना एचआइभी संक्रमित छन् ।

समाजले कैलाली जिल्लाभरिका १८ वर्ष मुनिका ७० जना बालबालिकालाई पोषण र शिक्षाका लागि मासिक एक हजार ५०० रूपैयाँ उपलब्ध गराउने गरेको छ । 'उनीहरूको शिक्षा आर्जनका लागि कापी किताब किन्न समस्या नहोस् भनी थोरै सहयोग गर्ने गरेका छौं,' अध्यक्ष भण्डारीले भने, 'एकल महिलाका समस्या थुप्रै छन् । कमाउने श्रीमान् बितेपछि, आफू पनि संक्रमित हुँदा आर्थिक समस्या झेलिरहेका छन् ।'

संक्रमितको उपचारका लागि कैलालीमा चारवटा स्वास्थ्य संस्थामा एआरटी सेन्टर स्थापना छन् । सेती अस्पताल धनगढी, टीकापुर, अस्पताल, मालाखेती अस्पताल, लम्कीचुहा अस्पतालमा एआरटी सेवा सञ्चालनमा छ । टीकापुर अस्पतालबाट करिब ६०० जनाले एआरटी सेवा लिने गरेका छन् । एक पालिकाको मानिस अझै समाजमा सम्मानजनक व्यवहार नभएकाले अर्को पालिक वा टाढाको स्वास्थ्य संस्थाबाट एआरटी तथा उपचार सेवा लिइरहेका छन् ।

विगतमा टीकापुर अस्पतालमा उपचार सेवा लिन आउने टाढाका संक्रमित बिरामीलाई नवजीवन एकता समाजमा गाँस, बाँसको व्यवस्थासमेत गरिएको थियो । 'अस्पतालमा रगत परीक्षणलगायतका सेवा लिँदा कहिलेकाहीँ एक/दुई दिन बस्नुपर्ने हुन्छ, पहिले-पहिले यही संस्थामा खान र बस्न पाइन्थ्यो,' बर्दगोरियाबाट टीकापुर अस्पतालमा सेवा लिन आएकी एक महिलाले भनिन्, 'अहिले आर्थिक समस्याले राख्न सकिँदैन भन्छन्, अब होटलमा बसेर कसरी उपचार गर्नु ? नजिकका अस्पतालमा उपचार गरे सबैले चिन्छन्, समाजमा संक्रमित भनेपछि दुर्व्यवहार गर्छन् ।'

टीकापुर अस्पतालमा मोहन्याल गाउँपालिका, घोडाघोडी नगरपालिका, बर्दयोरिया गाउँपालिका, लम्कीचुहा, भजनी नगरपालिका, जोशीपुर, जानकीसहित बर्दियाको गेरुवा गाउँपालिकाका बिरामी उपचार सेवा लिन आउने गरेका छन् । टीकापुरले कार्यविधि नै बनाएर विगत केही वर्षदेखि सघाउँदै आएको हो । *रासस*

# खुल्ला आकाशमुनिको 'टच्युसन' कक्षा



■ **संगीता राई**

**धरान (सुनसरी)–** पिपलको छहारीमुनि बिछ्च्याइएका छन् प्लास्टिकका म्याट र बोरा । पिपलको रुखमा अडचाइएको बोर्डमा लेखिएको छ, 'श्री पिपलबोटे खुल्ला विद्यालय' । जहाँ नर्सरीदेखि कक्षा ७ सम्म पढ्ने ३०/३५ जना बालबालिका दिनहुँ बिहान ७ बजे किताब, कापी र कलम च्यापेर टच्युसन (अध्यापन कक्षा) पढ्न आइपुग्छन् ।

चन्द्र सर अर्थात् चन्द्र भण्डारीले ती बालबालिकालाई लेखपढमा सहायता गर्छन् । विद्यालयमा पढ्दा नबुझेका पाठहरू बुझाउँछन् । गृहकार्य गर्न सहजीकरण गर्छन् । यो दृश्य हो, इटहरीको व्यस्त सडक पूर्व-पश्चिम राजमार्ग पर्ने इटहरीस्थित टेंग्रा खोलाको किनार छेवैको गल्ली ।

नामजस्तै यस खुला आकाशमुनि पठनपाठन सञ्चालन हुन थालेको तीन दशकभन्दा बढी भइसकेको छ । पिपलको रुखमुनि निरन्तर सिकाइ गतिविधि सञ्चालन गर्दै आएको हुनाले 'पिपलबोटे खुल्ला विद्यालय' नाम दिइएको छ । तर, यो दर्ता गरिएको औपचारिक विद्यालय वा शैक्षिक केन्द्र भने हुँदै होइन, भण्डारीको व्यक्तिगत पहल, अदम्य इच्छाशक्ति र समर्पणले गर्दा निरन्तरता पाएको शैक्षिक अभियान हो । उनले विपन्न, गरिब तथा सीमान्तकृत समुदायका बालबालिकालाई निःशुल्क शिक्षा प्रदान गर्दै आएको योगदानस्वरूप छरछिमेकमा सबैले 'चन्द्र सर'को उपमा दिएका छन् ।

## संघर्षले सिकाएको सेवाभाव

सुनसरीको छिमेकी जिल्ला धनकुटाको कागते-६ मा बुबा श्रीकान्त भण्डारी र आमा मनमाया भण्डारीको कोखबाट २०२२ सालमा जन्मिएका चन्द्र भण्डारी चार सन्तानमध्ये कान्छा छोरा हुन् । सामान्य परिवारमा जन्मिएर हुर्किएका उनले बाल्यकालमै अभाव र संघर्ष झेले । गुजाराको खोजीमा आमाबाट ५० रूपैयाँ खर्च लिएर उनी २०४४ सालमा इटहरी झरेका थिए ।

इटहरीमा दाजु आफन्त पर्नेहरूसँग ग्यारेजमा मेसिन बनाउने काम थाले । केही समयपछि एक साथीसँग मिलेर हटिया बजारमा थानको कपडाको व्यापार गरे । तर करिब छ महिनामै त्यो व्यापार बन्द भयो । कपडा व्यापारमा सफलता नमिलेपछि बाँसको व्यापारमा लागे । २०५१ सालदेखि उनले टेंग्राखोला नजिकै बाँसको व्यापार सुरु गरेका थिए । धरानको पानमारा, मोरङको केराबारी र धनकुटाबाट त्यसबेला २० देखि २३ रूपैयाँमा किनिएको बाँस २५ रूपैयाँमा बिक्री हुने गर्थ्यो दुई रूपैयाँ नाफा हुन्थ्यो । बाँस खरिद गरेर सुनसरीका विभिन्न स्थान शान्तिझोडा, तरहरा, इटहरीलगायतका ठाउँमा बिक्री गर्दै उनले आफ्नो व्यवसाय विस्तार गरे ।

यही क्रममा स्कुल जाने उमेरका बालबालिका बाँसका चाङ वरिपरि धुलोमाटोमा खेल्दै गरेको भण्डारीले देखे । 'उनीहरूका बाआमालाई छोराछोरी पढाउनुपर्छ भन्ने चेतना सायदै थियो,' उनी सम्झन्छन्, 'मलाई भने गरिबी र अभावले पढाइ अधुरै छाड्नुपरेको बाल्यकालको झल्को आयो ।'

यसपछि उनले बालबालिकालाई भेला गरेर पढाउने निधो गरे । सुरुमा उनले त्यहाँ आउने १० जना बालबालिकालाई भेला गरेर बिहान र बेलुका दुईदेखि तीन घण्टा निःशुल्क टच्युसन पढाउन सुरु गरे । मलाई लाग्थ्यो बालबालिकालाई अक्षर चिनाएपछि स्कुल जाने बाटो पक्कै खुल्छ, यही बाँसको व्यापारले जीवनको सबैभन्दा ठूलो उद्देश्य पनि देखायो अनि बालबालिकाको पीडाले खुल्ला विद्यालय पनि जन्मियो ।

## विपन्न परिवारका बालबालिकालाई भरोसा

उनको यो प्रयास विस्तारै फैलिँदै गयो । स्थानीय समुदायमा चर्चा बढ्दै जाँदा विद्यार्थी थपिदै गए पहिला खोला किनारमा सानो कटेज जस्तो टहरो थियो त्यही टहरोमा बालबालिकालाई राखेर टच्युसन पढाउने चाजोपाजो मिलाइएको थियो । बिहानबेलुका गरी ४० देखि ५० जना बालबालिका पढ्न आउँथे तर २०६० सालमा उक्त कटेज भत्किएपछि उनले कक्षा खुला आकाशमुनि नै पढाउँदै आएका छन् । भण्डारी सम्झन्छन्, 'कटेज भत्किए पनि बालबालिकामा पढ्ने चाहना थियो, उनीहरूले घरबाट बोरा ल्याएर भूइँमा बिछ्चाएर सिकाइ माग्न थाले । सुविधा केही थिएन तर पढ्ने चाहना देखिन्थ्यो ।'

बर्खामासको भेलबाढी होस् वा हिउँद्को सुख्खा खडेरी, टेंग्रा खोलाको धमिलो पानी, बर्खामा आउने बाढी, कहिले सुक्खा यी सबै चुनौतीबीच पनि चन्द्र भण्डारीको टच्युसन कहिल्यै रोकिएन । न कहिल्यै अवरोधले रोकेको छ, न कहिल्यै उनलाई अल्छी नै लागेको छ । बालबालिकालाई टच्युसन पढाउन छोडेनन् । कोभिड-१९ महामारीका बेला देशभर बन्दाबन्दी चल्दासमेत उनले हार भने मानेनन् घरबाटै अनलाइन कक्षा सञ्चालन गरेका थिए । कोभिड-१९ पछि विद्यार्थी घट्दै गए अहिले उनले दैनिक ३० देखि ३५ जना बालबालिकालाई नियमित टच्युसन पढाउँदै आएको बताए ।

विपन्न परिवारका बालबालिकाका लागि विद्यालयको शिक्षाको अलवा थप सिक्ने अवसरको केन्द्र बनेको छ । यहाँ आउने अधिकांश बालबालिका मकै पोलेर बेच्ने, बदाम बेच्ने, जुत्ता पालिस गर्ने, रिक्सा चलाउने जस्ता श्रमिक परिवारका छोराछोरीहरू छन् । मध्यम र उच्च वर्गका केही बालबालिका पनि यहाँ पढ्छन् ।

भण्डारी टच्युसन पढाउनेमात्रै सीमित छैनन् । उनले जन्मदिनको अवसर पारेर पढ्न आउने बालबालिकालाई कापी, कलम र पुस्तक उपहार दिने गर्छन् । कतिपय सहयोगी हातहरू पनि शैक्षिक सामग्री र लत्ताकपडाको सहायता लिएर आइपुग्ने गर्छन् । सिकाइको अतिरिक्त शैक्षिक सामग्री तथा लत्ताकपडा उपहार र सहायताले बालबालिकालाई हौसला थप्ने गरेको छ । भण्डारीलाई बालबालिकालाई सिकाउने व्यवस्थित ठाउँको अभाव खड्किरहेको छ । उनी भन्छन्, 'घामपानी छल्ने एउटा व्यवस्थित स्थानमा राखेर पढाउन पाए अझ राम्रो हुन्थ्यो ।'

## सेवाको कदर

भण्डारीको स्वतस्फूर्त सेवाभावको कदर गर्दै झण्डै हजारौं संघसंस्थाले सम्मान गरेका छन् । झापा दमकको 'पढ्ने घर' संस्थाले २०७१ सालमा पहिलोपटक सम्मान गरेको थियो । त्यसपछि विभिन्न संघसंस्था, विद्यालय र कलेजबाट दर्जनौं सम्मान र अवार्ड प्राप्त गरिसकेका छन् । दीर्घकालीन सेवाको कदर गर्दै भण्डारीलाई प्रतिष्ठित 'युएसए-नेपाल ह्युमानिटेरियन सर्भिस अवार्ड २०१७' प्रदान गरिएको थियो । विपन्न वर्गका बालबालिकालाई लक्षित गरी निःशुल्क टच्युसन शिक्षणमार्फत पुऱ्याएको योगदानको कदर गर्दै २०७२ सालमा इटहरीस्थित सेक्रेड हार्ट इंग्लिस स्कुलको २०औं वार्षिकोत्सवको अवसरमा भण्डारीलाई सम्मान गरेको थियो । यस्तै मानवअधिकार तथा शान्ति समाजले नगदसहित सम्मान गरेको छ । अन्य विभिन्न निकायहरूबट पनि उनलाई सम्मानपत्र प्रदान गरेको थियो ।

भण्डारीका लागि सम्मानहरू केवल कागजमा लेखिएका शब्दमात्र होइनन् ती सबै उनीप्रतिको समाजको भरोसा र माया हुन्, जसले उनलाई अझै अघि बढ्न प्रेरित गरिरहेको छ । भण्डारी भन्छन्, 'कर्म गर्नु मेरो कर्तव्य हो, फलको आशा गरेको छैन ।' ती सम्मानले झन जिम्मेवारीबोध गराएको छ, जहिलेसम्म सक्छु स्वास्थ्यले साथ दिएसम्म बालबालिकाहरूलाई पढाउने, सिकाउने कर्म गरिरहन्छु ।' उनका लागि यो निःशुल्क शिक्षा दिनु पेसा नभएर जीवनको उद्देश्य आत्मसन्तुष्टिको स्रोत बनेको छ । यही निःस्वार्थ भावनाले उनलाई तीन दशकभन्दा बढी समयदेखि यही एउटै ठाउँमा उभ्याइरहेको छ ।

दुःख सुख तीन दशकभन्दा बढी समय यसरी नै बिताएँ म खुसी छु, पढ्न आउने बालबालिका पनि खुसी छन् । यही खुसीले उनलाई हरेक दिन फेरि पिपलको छहारीमुनि उभिन प्रेरित गरिरहेको छ । भण्डारी शैक्षिक र सामाजिक सचेतनाको संवाहकका रूपमा परिचित छन् । उनले पढाएका विद्यार्थीहरू हाल कोही उच्च शिक्षा र रोजगारीको सिलसिलामा अमेरिका पुगेका छन् भने कोही नेपालमै विभिन्न पेसा व्यवसायमा संलग्न छन् । *रासस*

**अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना**

यस **Mass Holdings Pvt. Ltd.** कम्पनीले India बाट पैठारी गरेको देहायको मालवस्तुहरूको अधिकतम खुद्रा बिक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

| सि. न. | माल वस्तुको विवरण | आकार/प्रकार | ब्राण्ड | मोडल | क्षमता | उत्पतिको मुलुक/राष्ट्र | ईकाई | ईकाई प्रति मूल्य | प्रति ईकाई अधिकतम खुद्रा बिक्री मूल्य (MRP) |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Walk in Referigerated Chiller | 2066X2300X2400MM | STELLAR | | 2TON | INDIA | PCS | 372000.00 | 372000.00 |
| 2 | Walk in Referigerated Freezer | 2124X2300X2400 MM | STELLAR | | 2TON | INDIA | PCS | 660000.00 | 660000.00 |
| 3 | Pan of Cold Room:Shelving for goods | 1200X450 | STELLAR | | | INDIA | PCS | 40000.00 | 40000.00 |
| 4 | Referigerated Under Counter 3 Door Chiller | 1690 X700X850 MM | STELLAR | SG CC3700 | lOOOLTR | INDIA | PCS | 168000.00 | 168000.00 |
| 5 | Referigerated Under Counter 3 Door Freezer | 1690 X700X850 MM | STELLAR | SG CF3700 | lOOOLTR | INDIA | PCS | 220000.00 | 220000.00 |
| 6 | Referigerated Back Bar Bottle Cooler | 900X530X900 | STELLAR | BBC2 BL | 800 LTR | INDIA | PCS | 84000.00 | 84000.00 |
| 7 | S.S. Mobile Tandoor | 30X3034+16 | STELLAR | | | INDIA | PCS | 75000.00 | 75000.00 |
| 8 | Two Range Chinese Work with Top | 1350X750X850+440 | STELLAR | | | INDIA | PCS | 245000.00 | 245000.00 |

**विक्रेताको फर्मको नाम** : **Mass Holdings Pvt. Ltd.**
**स्थायी लेखा नम्बर** : 606560816
**ठेगाना** : Dhumbarahi, Kathmandu
**फोन नं** : 9802305411

### 'धुरन्धर-२' को कमाई १५०० करोड नजिक

बलिउड अभिनेता रणवीर सिंह अभिनीत फिल्म धुरन्धर २ ले बक्स अफिसमा राम्रो कमाई जारी राखेको छ। प्रदर्शनको दोस्रो सातासम्म आइपुग्दा यस फिल्मले विश्वभरबाट करिब १४६६.४७ करोड भारूको कुल कलेक्सन गर्दै भारतीय सिनेमा इतिहासमा नयाँ कीर्तिमान कायम गरेको हो। ट्रेड वेबसाइट स्याकनिल्कका अनुसार रिलिजको चौधौँ दिन बुधबारमात्रै फिल्मले भारतमा २०.१० करोड भारूको नेट कलेक्सन गर्न सफल भयो। यो फिल्म अहिले विश्वकै सबैभन्दा धेरै कमाउने भारतीय फिल्मको सूचीमा चौथो स्थानमा उक्लिएको छ। धुरन्धर २ भन्दा अगाडि अब दंगल, बाहुबली २ र पुष्पा २ मात्र रहेका छन्।





# सस्पेन्स, प्रेम र एक्सनले भरिएको 'राम नाम सत्य'को ट्रेलर रिलिज




■ प्रभाव संवाददाता

**काठमाडौं** – चैत्र २७ गतेबाट सोलो रिलिजमा आउन लागेको फिल्म 'राम नाम सत्य'को सस्पेन्स, प्रेम र एक्सनले भरिएको ट्रेलर बिहीबार सार्वजनिक गरिएको छ। काठमाडौंको वान सिनेमाज हलमा आयोजित एक कार्यक्रममा माइकल चन्दको कथा, पटकथा र लेखन रहेको फिल्मको ट्रेलर सार्वजनिक गरिएको हो।

सार्वजनिक ट्रेलरमा विराज भट्टको दमदार एक्सन र संवाद छ। यस्तै, नायक सुशील श्रेष्ठ र नायिका दिव्या रायमाझीको प्रेम, विराज र सुशीलविचको एक्सन ट्रेलरमा समावेश छ।

फिल्ममा नव-नायक आयुष सिंह ठकुरीको भूमिका विशेष देखिएको छ। उनको सस्पेन्स भूमिका दर्शकका लागि उत्सुकता जगाउने खालको छ।

नव-नायिका खुशी कार्कीले नायक भट्टसँग नृत्य गरेको 'हुम्लाको सिमी' बोलको गीत चर्चामा छ। फिल्ममा दिनेश डीसी, सुधिर श्रेष्ठ, आशा पौडेल, सन्तोष सरकार, विकास खनाल, रवि, सुशान्त कुमार श्रेष्ठ, उपेन्द्र शाही, रामेश्वर शाह, कनिज कोइराला, लोकेन्द्र जीसी, हेमा खड्का, दिपक कोइराला, विनुता विमली, सरोज शाह लगायतका कलाकारहरूको अभिनय छ। यस्तै, फिल्ममा आयुष विक्रम शाही, अधिराज चन्द, संरचना चन्द र श्रृफ्ला बिष्ट बाल-कलाकारको रूपमा छन्।

माइकल इन्टरटेन्मेन्ट हाउसको प्रस्तुतिमा निर्माण भएको यो फिल्ममा उपेन्द्र शाही र स्वेता विमलीको लगानी छ। फिल्मका कार्यकारी निर्माता किशोर भट्ट, राजेन्द्र भट्ट र अर्जुन सुनार हुन्। यस्तै, फिल्मका सह-निर्माता तेजराज चटौत र दमन बहादुर चन्द सह-निर्माताको रूपमा छन्।

मोती कार्की क्रियटिभ निर्माता रहेको फिल्ममा राजेन्द्र आचार्य लाइन प्रोड्यूसरको रूपमा छन्। काफिया फिल्मस् र कुवेर सिने डिष्ट्रिब्यूसनको वितरण रहने यो फिल्ममा बाबुल गिरी, अर्जुन पोखरेल, एसडी योगी, नवाज अन्सारीको संगीत छ।

मानकृष्ण महर्जनको डीओपी रहेको फिल्ममा श्री श्रेष्ठको एक्सन, बन्दे प्रसादको सम्पादन, काला चरणको व्याक ग्राउन्ड म्यूजिक छ। सियोन श्रेष्ठको कोरियोग्राफी रहेको फिल्ममा शेर बहादुर लामाको छायांकन छ। यो ट्रेलरलाई साहिल खानले तयार पारेका हुन्। सुनिल राई आर्ट निर्देशक रहेको फिल्ममा नविन जंग शाही, विशाल विमली र पूजन लामिछाने कास्टिङ डिरेक्टरको रूपमा छन्। अभिमन्यू निरवी र समय थपलिया फिल्मका स्क्रिप्ट कन्सलट्यान्ट हुन्।

कार्यक्रममा बोल्दै नायक विराज भट्टले भने–'यो फिल्ममा एक्सन मात्र छैन। फिल्ममा प्रेम, सस्पेन्स, पारिवारिक कथा सबै छ। दर्शकले यो फिल्मलाई मन पराउनुहुन्छ भन्ने मलाई लागेको छ।' फिल्मलाई लिएर नायक सुशील श्रेष्ठ, नायिका दिव्या रायमाझी र सुपुष्पा भट्टले पनि उत्साह व्यक्त गरे।

निर्देशक माइकल चन्दले कार्यक्रममा भने–'५ बर्षदेखि यो फिल्मको कथामा मैले काम गरिरहेको थिएँ। फिल्मलाई दर्शकको रोजाइको बनाउनका लागि कुनै पनि कसर बाँकी राखेका छैनौं।'

### निफको दोस्रो दिन

# महानायक हमाल र बलिउड फिल्म 'शोले' निर्देशक सिप्पीसँग संवाद

■ प्रभाव संवाददाता

**काठमाडौं**– नवौं संस्करणको नेपाल अन्तर्राष्ट्रिय चलचित्र महोत्सवको पहिलो दिन दुई फिल्म, दुई डकुमेन्ट्री र पाँच दिने एआई फिल्म वर्कसपको सुरुवातका गतिविधि भएका छन्।

काठमाडौंको सुन्धारास्थित सिभिल मलमा बिहीबार नेपाल सरकारकी सञ्चार सचिव लक्ष्मीकुमारी बस्नेतको प्रमुख आतिथ्यमा भएको उद्घाटन समारोह पश्चात इरानी फिल्म 'माइ डटर्ज हेयर'को स्क्रिनिङ गरी निफको सुरुवात भएको हो। हिशान्त फराहमन्दद्वारा निर्देशित उक्त फिल्मबाट निफको सुरुवात भएको हो। निफको पहिलो दिन सिभिल मल, ठमलेस्थित छाया सेन्टर र कलमपोखरीस्थित



रसियन हाउसमा समान्तर गतिविधि गतिविधि भएका थिए। सिभिल मलमा अर्को फिल्म 'तारा' पनि प्रदर्शन भएको थियो। छायासेन्टरमा 'द टाइट टर्न' र 'उडेको चरा'को स्क्रिनिङ गरिएको थियो। यससँगै रसियन हाउसमा एआई फिल्म मेकिङसम्बन्धी पाँच दिने वर्कसप सुरुवात भएको छ।

**दोस्रो दिनका कार्यक्रम**

निफको दोस्रो दिन शुक्रबार 'रसियन फिल्म डेज'को उद्घाटन कार्यक्रम रहेको छ। यो कार्यक्रम कमलपोखरीस्थित रसियन हाउसमा राखिएको छ। बिहान ११ बजे उद्घाटन कार्यक्रमसँगै फिल्म स्क्रिनिङ सुरू हुनेछ।

भृकुटी मण्डपस्थित पर्यटन बोर्डमा दुई अन्तर्क्रियात्मक कार्यक्रम राखिएको छ। दिउँसो १२ बजे 'कुमारी : पहिलो रङ्गिन चलचित्रको अलिखित कथा' शीर्षकमा संवाद कार्यक्रम राखिएको छ।

यस कार्यक्रममा नेपालको पहिलो रङ्गिन चलचित्र 'कुमारी'का निर्देशक प्रेम बस्नेत, नायिका चैत्यदेवी सिंह र सह छायाकार मञ्जुकुमार श्रेष्ठसँग दीपक सापकोटाले संवाद गर्नेछन्। महानायक राजेश हमाल र बलिउड फिल्म 'शोले'का निर्देशकबीच हुने संवाद कार्यक्रम 'सिनेमा संवाद : रमेश सिप्पी र राजेश हमालसँग' दिउँसो ३ बजेलाई राखिएको छ। सिभिल मल, छाया सेन्टर र रसियन हाउसमा फिल्म प्रदर्शन हुनेछन्।

# नातिकाजी स्मृति समाजले सांगीतिक क्षेत्रका हस्तीलाई पुरस्कृत गर्ने

■ प्रभाव संवाददाता

**काठमाडौं**– नेपालको सांगीतिक क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका संगीतकार नातिकाजी श्रेष्ठको स्मृतिमा नातिकाजी स्मृति समाजले विभिन्न सांगीतिक हस्तीलाई पुरस्कृत गर्ने भएको छ।

नातिकाजी स्मृति समाजको कार्यसमितिको बिहीबार बसेको बैठकले विभिन्न कलाकार तथा स्रष्टालाई नातिकाजी राष्ट्रिय संगीत सम्मान तथा पुरस्कार प्रदान गर्ने निर्णय गरेको हो। समाजले एक विज्ञप्ति जारी गर्दै 'नातिकाजी राष्ट्रिय विशिष्ट संगीत सम्मान' गीतकार नारायणकुमार आचार्य, गायक जुजुकाजी रञ्जीत, गीतकार वीरेन्द्र पाठक, गायक शशी गुरुङ, गायक गणेश पराजुली, गीतकार/गायक/संगीतकार डा भीमार्जुन आचार्य, संगीतकार निर्वाणसिंह गुरुङ, गीतकार साबु गदाल, गीतकार तथा संगीतकार अष्ट लामालाई प्रदान गर्ने निर्णय गरेको छ।

त्यसैगरी 'नातिकाजी राष्ट्रिय संगीत पुरस्कार'बाट गीतकार मनोज खड्का, गायक रोशन गुरुङ, संगीतकार ताराप्रकाश लिम्बू, गायिका सरिता शाही, एरेन्जर चाँद सिंह र रेकर्डिष्ट महेश्वर राजभण्डारीलाई पुरस्कृत गरिनेछ। 'नातिकाजी राष्ट्रिय प्रतिभा पुरस्कार'बाट गायिका सहिमा श्रेष्ठ, गायक सुरेश लामा तथा गायिका विपना तामाङलाई प्रदान गर्ने निर्णय गरिएको छ।

'नातिकाजी राष्ट्रिय शास्त्रीय संगीत पुरस्कार'बाट प्रमोद उपाध्यायलाई पुरस्कृत गरिनेछ भने 'नातिकाजी राष्ट्रिय कला पत्रकारिता पुरस्कार' पत्रकार अनन्त वाग्ले र गीता अधिकारीलाई प्रदान गर्ने निणय भएको समाजले जनाएको छ।

हरेक वर्ष नातिकाजी श्रेष्ठको जन्मजयन्ती (पुस ३ गते) का दिन पुरस्कार घोषणा गर्दै आएकामा आमनिर्वाचन तथा विविध कारणले यस वर्षको पुरस्कार घोषणामा ढिलाइ समाजका सचिव विश्वास घिमिरेले जानकारी दिए। सम्मान तथा पुरस्कार सर्म्पण कार्यक्रमको मिति, समय र स्थानपछि सार्वजनिक गरिने उनले बताए।



### प्रधानमन्त्री कप क्रिकेट

# अपराजित आर्मी शीर्षस्थानमा




■ प्रभाव संवाददाता

**काठमाडौं** – अपराजित रहँदै विभागीय टोली त्रिभुवन आर्मी क्लब प्रधानमन्त्री कप पुरुष राष्ट्रिय क्रिकेट प्रतियोगिताको शीर्ष स्थानमा रहेको छ।

आफ्नो पाँचौ खेलमा चौथो जित हात पार्ने क्रममा आर्मीले जनकपुरमा बिहिबार सम्पन्न खेलमा मधेश प्रदेशलाई ६ विकेटले पराजित गऱ्यो। मधेशको १ खेल भने वर्षाका कारण रद्द भएको थियो। १८५ रनको लक्ष्य आर्मीले २९.२ ओभरमा ४ विकेट गुमाएर पुरा गऱ्यो।

आर्मीलाई जित दिलाउन ओपनर तृतराज दासले लगातार दोस्रो अर्धशतक बनाउने क्रममा सर्वाधिक ६९ रन बनाए। उनले ७२ बलको सामना गर्दै ७ चौका र ३ छक्का प्रहार गरे। बसिर अहमद ३९ बलमा ४१ रनमा अविजित रहँदा कप्तान विनोद भण्डारी ३२ तथा कुशल मल्ल २४ रनमा आउट भए।

मधेशका लागि मोहम्मद आदिल आलमले २ तथा पवन सराफ र विशाल सुस्लींगले समान १ विकेट लिए।

त्यसअघि टस जितेर आर्मीले बलिङ रोजेपछि पहिले ब्याटिङ गरेको मधेशले ४८.३ ओभरमा सबै विकेट गुमाएर १८४ रन बनाएको थियो। मधेशका लागि विशाल सुस्लीङले सर्वाधिक ५१ रनको अर्धशतकीय इनिङ खेले। उनले ७३ बलको सामना गर्दै ३ चौका र २ छक्का प्रहार गरे।

दुई ओपनरलाई सस्तैमा गुमाएको मधेशले तेस्रो विकेटका लागि कप्तान अनिल साह र पवन सरार्फले ५३ रनको साझेदारी गरेपछि केही सम्मालिएको थियो। कप्तान अनिल र पवन लगातार आउट भएसँगै मधेशलले लगातार विकेट गुमायो। तर, तल्लो क्रममा आएका विशालले सानदार अर्धशतक बनाए पछि मधेशले प्रतिस्पर्धात्मक योगफल तयार गरेको थियो।

कप्तान अनिल ४२, पवन २२ तथा तल्लो क्रममा आएका विशाल पटेल १६ रनमा आउट भए। आर्मीका लागि बसिर अहमदले ३ तथा शाहब आलम र नरेन साउदले समान २ विकेट लिए। आकाश चन्द र कुशल मल्लले समान १ विकेट आफ्नो नाममा गरे।

## राष्ट्रिय फुटबल टोली स्वदेश फर्कियो

**काठमाडौं (प्रस)**– एएफसी एसियन कपअन्तर्गत तेस्रो चरणको अन्तिम खेल खेलेर नेपाली राष्ट्रिय फुटबल टोली बिहीबार स्वदेश फर्किएको छ। टोलीलाई निलम्बित अखिल नेपाल फुटबल संघ (एन्फा)का प्रवक्ता सुरेश शाहले स्वागत गरेका थिए।

नेपालले तेस्रो चरणको अन्तिम खेलमा लाओससँग १-० को हार बेहोरेको थियो। जितविहीन रहँदै नेपालले एसियन कप छनोट अभियानको अन्त्य गऱ्यो।

यद्यपि नेपालले तीन अंक भने बटुल्न सफल भयो। अनुशासन संहिताको धारा २२ को उल्लंघन गरेको भन्दै मलेसिया फुटबल संघ विश्व फुटबलको सर्वोच्च निकाय (फिफाको कार्बाहीमा परेसँगै नेपालले तीन अंक प्राप्त गरेको थियो।

## प्लेबक्स र कीर्तिपुरको जित

**काठमाडौं (प्रस)** – हिमालयन जाभा बास्केटबल लिग (एचजेएनबीएल) २०२६ मा बुधबार प्लेबक्स एरेना र कीर्तिपुर विजयी भएका छन्। त्रिपुरेश्वरस्थित दशरथ रंगशाला कभर्डहलमा बुधबार भएको खेलमा प्लेबक्सले रोएललाई ८८-७२ ले पराजित गरेको हो। प्लेबक्सले रोएलविरुद्ध १९-१०, २४-२०, २०-१७, २५-२५ को प्रदर्शन गऱ्यो।

प्लेबक्सका आङ फुर्बा शेर्पा 'म्यान अफ दी म्याच' घोषित भए। प्लेबक्सका पुस्कल छन्त्याल ३२ अंक जोडे। दोस्रो जित हात पारेको प्लेबक्स १२ खेलबाट १४ अंकसहित छैटौं स्थानमा छ। ११औं हार बेहोरेको रोएलको १३ अंक छ।

# नेपाली कुस्ती खेलाडी कीर्गिस्तानतर्फ




■ प्रभाव संवाददाता

**काठमाडौं** – नेपाली कुस्ती खेलाडीले किर्गिस्तानको बिस्केकमा हुने दुई फरक अन्तर्राष्ट्रिय प्रतियोगितामा प्रतिस्पर्धा गर्ने भएका छन्।

अप्रिल ५ देखि १२ तारिखसम्म हुने सिनियर एसियाली कुस्ती प्रतियोगिता तथा अप्रिल १२ देखि १४ तारिखसम्म हुने सिनियर एसियाली बेल्ट कुस्ती एलिस प्रतियोगितामा खेलाडीले प्रतिस्पर्धा गर्ने भएका हुन्।

दुवै प्रतियोगितामा पुरुष ७४ केजीमा सुरेश चुनारा तथा ९७ केजीमा त्रिलोकीप्रसाद यादवले नेपालको चुनौती प्रस्तुत गर्ने छन्। सुरेशले गत वर्ष भारतमा भएको एसियाली वेल्टमा कांस्य जितेका थिए।

प्रशिक्षकमा मुम्ताज अली इद्रिसी रहेका छन्। खेलाडीसहितको ३ सदस्यीय टोली चैत २४ गते किर्गिस्तान जाने छन्।अप्रिल ५ तारिखमा किर्गिस्तानमै हुने युनाइटेड वर्ल्ड रेस्लिङ एसिया काउन्सिलको साधारण सभामा भाग लिन राष्ट्रिय खेलकुद परिषद् (राखेप) का सदस्य समेत रहेका नेपाल कुस्ती संघका अध्यक्ष प्रकाशकुमार कुसारी शुक्रबार त्यसतर्फ प्रस्थान गर्ने छन्। टोलीलाई सफलताको शुभकामना दिदै राखेपका सदस्य-सचिव रामचरित्र मेहताले बिहीबार बिदाइ गरे।



जापानको टोकियोस्थित इम्पेरियल दरबार वरिपरिको खाडलहरूमध्ये एक चिदोरिगाफुचीमा फुलेको चेरीको फूल अवलोकन गर्न डुंगामा सवार मानिसहरू । *तस्बिरः एएफपी*

# आर्टेमिस-२ः चन्द्र यात्रामा मानवको पुनरागमन

**केप क्यानभेरल (फ्लोरिडा)–** आधा शताब्दीभन्दा बढीपछि मानवता पुनः चन्द्रतर्फ फर्किएको छ । नासाको आर्टेमिस-२ मिसनअन्तर्गत चार अन्तरिक्ष यात्री बुधबार शक्तिशाली रकेटमार्फत चन्द्रमाको परिक्रमा गर्ने ऐतिहासिक यात्रामा प्रस्थान गरेका छन्, जसले आगामी अवतरणको मार्ग प्रशस्त गर्ने अपेक्षा गरिएको छ ।

तीन अमेरिकी र एक क्यानेडियाली अन्तरिक्षयात्री बोकेको ३२-तले स्पेस लन्च सिस्टम रकेट फ्लोरिडास्थित केनेडी स्पेस सेन्टरबाट साँझतिर उडेको थियो । प्रक्षेपण अवलोकन गर्न हजारौं मानिसहरू भेला भएका थिए, जसले अपोलो युगको सम्झना दिलाउने वातावरण सिर्जना गरेको थियो । यो अभियानलाई नासाको दीर्घकालीन चन्द्र उपस्थिति स्थापनातर्फको महत्त्वपूर्ण कदम मानिएको छ ।





उडान सुरु भएको केही मिनेटमै कमाण्डर रिड वाइसम्यानले चन्द्रमातर्फ अघि बढिरहेको दृश्यलाई 'सुन्दर चन्द्रोदय' भनेर वर्णन गरे । उनीसँगै पाइलट भिक्टर ग्लोभर, अन्तरिक्षयात्री क्रिस्टिना कोच र क्यानाडाका जेरेमी हचानसेन छन् । यो टोली विविधताको दृष्टिले ऐतिहासिक मानिएको छ, जसमा पहिलो महिला, रंगभेद पृष्ठभूमिका सदस्य र गैरअमेरिकी नागरिक समावेश छन् ।

नासाका प्रशासक जारेड आइज्याकम्यानले यसलाई 'मानव अन्तरिक्षयात्राको नयाँ अध्याय' भन्दै अघिल्लो चन्द्र यात्रापछि आएको लामो अन्तराललाई छोटो विश्रामका रूपमा चित्रण गरे । उनका अनुसार अब चन्द्रमा केवल लक्ष्य होइन, भविष्यको स्थायी आधार बन्ने दिशामा यात्रा अघि बढेको छ ।

प्रक्षेपणअघि केही घण्टासम्म प्राविधिक चुनौतीहरूले तनाव सिर्जना गरेको थियो । हाइड्रोजन चुहावटको पुरानो समस्या पुनः दोहोरिने आशंका रहे पनि अन्ततः प्रक्षेपण सहजरूपमा सम्पन्न भयो । अन्तिम समयमा देखिएका ब्याट्री सेन्सर र उडान नियन्त्रणसम्बन्धी समस्या पनि छिट्टै समाधान गरिएपछि उडानलाई हरियो झण्डा दिइएको थियो ।

यो १० दिने परीक्षण उडानको प्रारम्भिक चरणमा अन्तरिक्षयात्रीहरूले पृथ्वीको कक्षामा रहँदै यानको प्रणाली जाँच गर्ने छन् । त्यसपछि मुख्य इन्जिन प्रज्ज्वलन गरी चन्द्रमातर्फ यात्रा सुरु हुने छ । उनीहरू चन्द्रमाको सतहमा अवतरण नगरी परिक्रमा गर्दै पृथ्वीभन्दा अहिलेसम्मकै टाढासम्म पुग्ने अपेक्षा गरिएको छ । चन्द्रमाको पछाडिको भाग पार गरेपछि यान थप छ हजार ४०० किलोमिटरसम्म अघि बढ्ने छ र त्यसपछि पृथ्वी फर्कने मार्ग समाउने छ । यो यात्रा 'फ्रि-रिटर्न' कक्षामा आधारित हुने छ, जसले गुरुत्वाकर्षणको सहायताले यानलाई सुरक्षितरूपमा फर्काउने सुनिश्चितता दिन्छ ।

उडानका क्रममा अन्तरिक्षयात्रीहरूले म्यानुअल नियन्त्रण अभ्याससमेत गर्ने छन्, जसले स्वचालित प्रणाली असफल भएमा मानव नियन्त्रण कति प्रभावकारी हुन्छ भन्ने परीक्षण गर्ने छ । ओरियन क्याप्सुलका झ्यालबाट उनीहरूले चन्द्रमाको दुर्लभ दृश्य अवलोकन गर्ने छन्, जहाँ केही विशेष भूभागहरू मानव आँखाले पहिलोपटक देख्ने सम्भावना छ ।

यद्यपि, मिसनसँग केही जोखिमहरू पनि जोडिएका छन् । एसएलएस रकेटमा हाइड्रोजन चुहावटको समस्या पूर्णरूपमा समाधान नभएको आशंका छ । अघिल्लो आर्टेमिस-१ मिसनमा पनि क्याप्सुलको ताप सुरक्षा प्रणालीमा समस्या देखिएको थियो । यसपटक त्यस्ता कमजोरीहरू दोहोरिन नदिन विशेष सावधानी अपनाइएको छ ।

नासाले जोखिम मूल्यांकन सार्वजनिक नगरे पनि अधिकारीहरूका अनुसार यो 'सामान्यभन्दा राम्रो' अवस्थामा रहेको छ । अनुभवी अन्तरिक्षयात्री चार्ली डचुकले पनि टोलीलाई शुभकामना दिँदै यस्ता ऐतिहासिक यात्रामा जोखिम स्वाभाविक हुने बताए ।

आर्टेमिस कार्यक्रमले अपोलो युगभन्दा फरक दृष्टिकोण अपनाएको छ । यसले केवल चन्द्रमामा पुग्ने लक्ष्य होइन, त्यहाँ दीर्घकालीन आधार निर्माण गर्ने योजना अघि सारेको छ । आगामी मिसनहरूमा चन्द्रमाको दक्षिणी ध्रुवमा अवतरण गर्ने र त्यहाँ वैज्ञानिक अनुसन्धान विस्तार गर्ने लक्ष्य राखिएको छ ।

अन्तरिक्षयात्री कोचका अनुसार चन्द्र यात्रा मंगल ग्रहसम्म पुग्ने मार्गको आधार हो । उनले यो मिसनलाई 'नयाँ युगको सुरुआत' भन्दै पृथ्वीका सबै मानिसका लागि चन्द्रमालाई सम्भावनाको गन्तव्यका रूपमा प्रस्तुत गरे । ग्लोभरले यस यात्रालाई सम्पूर्ण मानवताको साझा इतिहासको हिस्सा भएको उल्लेख गर्दै यो कुनै एक देश, जाति वा लिंगको नभई 'मानवताको कथा' बन्ने बताए । *रासस/एपी*

# इण्डोनेसियामा ७.४ म्याग्निच्युडको भूकम्प

**मनाडो (इण्डोनेसिया)–** पूर्वी इण्डोनेसियाको मोलुक्का सागर क्षेत्रमा बिहीबार बिहान शक्तिशाली ७.४ म्याग्निच्युडको भूकम्प जाँदा कम्तीमा एक जनाको ज्यान गएको छ भने भवनहरूमा क्षति पुग्नुका साथै सर्वसाधारण त्रसित बनेर सडकमा निस्किएका छन् । प्रारम्भिक रूपमा सुनामीको चेतावनी जारी गरिए पनि केही समयपछि खतरा टरेको घोषणा गरिएको छ ।



सुलावेसी र मालुकु टापुबीच केन्द्रबिन्दु रहेको भूकम्पका कारण समुद्रमा करिब ७५ सेन्टिमिटरसम्म अग्ला छालहरू उत्पन्न भएका थिए । हवाईस्थित प्यासिफिक सुनामी वार्निङ सेन्टरले इण्डोनेसिया, फिलिपिन्स र मलेसियासहित आसपासका क्षेत्रमा खतरनाक सुनामी आउन सक्ने चेतावनी दिएको थियो, तर भूकम्पको करिब दुई घण्टापछि उक्त चेतावनी फिर्ता लिइएको थियो ।

उत्तरी सुलावेसीको मनाडो सहरमा एक भवन भत्किँदा एक जनाको ज्यान गएको र अर्का एक घाइते भएको खोज तथा उद्धार टोलीले जनाएको छ । उद्धार अधिकारी जर्ज लियो मर्सी राण्डाङका अनुसार मृतक भग्नावशेषमुनि पुरिएका थिए र अन्य सम्भावित घाइतेबारे पनि विवरण संकलन भइरहेको जनाइएको थियो । भूकम्पको गहिराइ करिब ३५ किलोमिटर रहेको अमेरिकाको भूगर्भ सर्वेक्षण संस्था (युएसजिएस) ले जनाएको छ । कम्पनपछि त्यस क्षेत्रमा दर्जनौं परकम्प (आफ्टरसक्स) समेत महसुस गरिएको छ, जसमा ५.९ म्याग्निच्युडसम्मका झट्का समावेश छन् ।

स्थानीय बासिन्दाहरूका अनुसार भूकम्प निकै लामो समयसम्म महसुस भएको थियो । मनाडोमा सडक खाद्य बिक्रेता सिती रोहायतीले भूकम्प आएको क्षण सम्झिँदै आफ्नो परिवारलाई बचाउन आफूले तुरुन्त बाहिर निकाल्ने प्रयास गरेको बताए । उनका अनुसार सबैभन्दा ठूलो चिन्ता आफ्ना बालबालिकालाई सुरक्षित राख्नु थियो ।

त्यस्तै, उत्तरी मालुकुको टेर्नेटका एक स्थानीय बासिन्दाले भूकम्प अत्यन्तै शक्तिशाली र एक मिनेटभन्दा बढी समयसम्म चलेको अनुभव सुनाए । घरभित्र रहेका मानिसहरू हतारहतार बाहिर निस्किएका थिए भने कतिपयले दैनिक कामकाज बीचमै छोडेर ज्यान जोगाउन दौडिएका थिए ।

इण्डोनेसियाको भूगर्भीय निकायका अनुसार उत्तरी मालुकु, उत्तरी सुलावेसी र गोरोन्टालोका विभिन्न नौ स्थानमा समुद्री छालको प्रभाव देखिएको थियो, जसमा सबैभन्दा उच्च छाल उत्तरी मिनाहासामा ७५ सेन्टिमिटरसम्म पुगेको थियो ।

जापान, ताइवान, गुआम र पलाउसहित अन्य प्रशान्त क्षेत्रहरूमा साना छालहरूको सम्भावना औंल्याइए पनि ठूलो जोखिम देखिएको थिएन । जापान मौसम विज्ञान एजेन्सीले समुद्री सतहमा सामान्य परिवर्तनमात्र हुन सक्ने जनाएको थियो ।

इण्डोनेसिया 'रिङ अफ फायर' नामक भूकम्पीयरूपमा सक्रिय क्षेत्रमा पर्ने भएकाले यहाँ यस्ता शक्तिशाली भूकम्प बारम्बार आउने गर्छन् । सन् २००४ मा आचे क्षेत्रमा आएको ९.१ म्याग्निच्युडको भूकम्प र त्यसपछि आएको सुनामीले एक लाख ७० हजारभन्दा बढी मानिसको ज्यान लिएको थियो । *रासस/एएफपी*

# इन्धन संकटले भुटानमा जनजीवन कष्टकर

**थिम्पू–** मध्यपूर्वमा जारी युद्धको प्रत्यक्ष असर हिमालय राष्ट्र भुटानसम्म पुगेको छ । अन्तर ाष्ट्रिय बजारमा इन्धनको मूल्य तीव्ररूपमा बढेपछि भुटान सरकारले पेट्रोलियम पदार्थको मूल्य फेरि बढाएको छ, जसले सर्वसाधारणको दैनिक जीवनमा थप दबाब सिर्जना गरेको छ ।



सरकारले बुधबार राति इन्धनको नयाँ मूल्य सार्वजनिक गर्दै पछिल्ला हप्ताहरूमा विश्वबजारमा आएको मूल्यवृद्धि आफ्नो नियन्त्रणभन्दा बाहिरका कारणले भएको स्पष्ट पारेको छ । ऊर्जा बचतका लागि विभिन्न उपायहरू पनि एकैसाथ लागू गरिएको जनाइएको छ ।

करिब आठ लाख जनसंख्या रहेको भूपरिवेष्ठित भुटानले आफ्नो सम्पूर्ण इन्धन भारतमार्फत आयात गर्छ । आपूर्ति अवरोध र मूल्यवृद्धिको प्रभाव राजधानी थिम्पूमा स्पष्ट देखिएको छ, जहाँ पेट्रोल पम्पहरूमा लामो लाइन लागेको दृश्य देखिएको छ ।

स्थानीय बासिन्दाहरूले परिस्थितिप्रति आफूहरू केही गर्न नसक्ने अवस्थामा रहेको बताएका छन् । थिम्पूका ४० वर्षीय कर्मा काल्डेनका अनुसार सरकारको प्रत्यक्ष दोष नभए पनि अन्तर्राष्ट्रिय युद्ध र भारतमा भएको मूल्यवृद्धिको असरबाट आफूहरू जोगिन नसकेको बताए । उनले अहिलेको अवस्थाले आफूलाई केही गर्न नसक्ने अवस्थामा पुर्‍याएको बताए ।

कार्बन-नेगेटिभ देशका रूपमा चिनिने भुटानले जलविद्युत् उत्पादनमा ठूलो लगानी गर्दै आएको छ र छिमेकी भारतलाई विद्युत निर्यात गरेर आम्दानी गर्ने गरेको छ । तर इन्धनको सन्दर्भमा पूर्णरूपमा आयातमा निर्भर रहनु परेकाले यस्तो संकटको प्रभाव प्रत्यक्ष रूपमा भोग्नुपरेको हो ।

मध्यपूर्वमा फेब्रुअरी २८ देखि युद्ध सुरु भएयता पेट्रोलको मूल्य ६० प्रतिशतभन्दा बढीले वृद्धि भएको छ । फेब्रुअरीमा करिब ६५ देखि ९५ न्गुल्ट्रम प्रतिलिटर रहेको मूल्य अप्रिल १ सम्म आइपुग्दा सरकारद्वारा अनुदानित दरमासमेत उल्लेखनीयरूपमा बढेको छ ।

यसअघि, सरकारले मार्च २१ देखि इन्धन अनुदान कार्यक्रम लागू गरेको थियो, जसको उद्देश्य घरपरिवार र अर्थतन्त्रमा पर्ने असर कम गर्नु थियो । तर निरन्तरको मूल्यवृद्धिका कारण अनुदानलेमात्र स्थिति नियन्त्रणमा राख्न कठिन भएको देखिएको छ ।

सरकारले बढ्दो आर्थिक दबाबलाई ध्यानमा राख्दै सर्वसाधारण र सरकारी निकायलाई इन्धन बचत गर्न आह्वान गरेको छ । सार्वजनिक सेवा निकायहरूलाई अनावश्यक यात्रा नगर्न, सकेसम्म पैदल हिँड्न र टाढाबाट काम गर्नेजस्ता उपाय अपनाउन निर्देशन दिइएको छ । *रासस/एएफपी*

# इरान युद्धमा ट्रम्पको कडा चेतावनी

**वासिङ्टन–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानसँग जारी युद्धलाई निर्णायक मोडमा पुगेको दाबी गर्दै थप दुईदेखि तीन हप्तासम्म 'अत्यन्त कडा' आक्रमण जारी रहने चेतावनी दिएका छन् । ट्रम्पको उक्त अभिव्यक्तिले युद्ध अन्त्य नजिक पुगेको संकेत गरे पनि अन्तर्राष्ट्रिय चिन्ता झनै बढाएको छ ।



ह्वाइट हाउसबाट बुधबार साँझ सम्बोधन गर्दै ट्रम्पले संयुक्त राज्य अमेरिका आफ्नो लक्ष्य हासिल गर्ने चरणमा पुगेको बताए, तर युद्ध कसरी र कहिले टुंगिन्छ भन्नेबारे स्पष्ट खाका प्रस्तुत गरेनन् । उनले 'काम छिट्टै पूरा गरिने' दाबी दोहोर्‍याउँदै अमेरिकी आक्रमण अझ तीव्र हुने संकेत गरे ।

एक महिनाभन्दा बढी समयदेखि जारी यस द्वन्द्वले अमेरिकाभित्रै राजनीतिक दबाब बढाइरहेको छ । ट्रम्पको स्वीकृति दर घट्दै गएको छ भने बढ्दो तेल मूल्यका कारण सर्वसाधारणमा आर्थिक दबाब महसुस हुन थालेको छ । यही सन्दर्भमा उनले फेब्रुअरी २८ मा सुरु गरिएको आक्रमणमा किन इजरायलसँग सहकार्य गरिएको हो भन्ने विषयमा विस्तृत स्पष्टीकरण दिएका थिए ।

उनले आफ्नो सम्बोधनमा अमेरिकाको रणनीतिक उद्देश्य इरानको सैन्य क्षमता कमजोर पार्ने, क्षेत्रीय सशस्त्र समूहहरूलाई दिइँदै आएको समर्थन अन्त्य गर्ने तथा इरानलाई आणविक हतियार प्राप्त गर्नबाट रोक्ने रहेको उल्लेख गरे । यद्यपि संयुक्त राष्ट्रसंघका निकाय र अन्य विश्लेषकहरूले इरान तत्कालै आणविक हतियार नजिक नभएको आकलन गर्दै आएका छन् ।

द्वन्द्वको सुरुआती चरणमै इजरायलले इरानका सर्वोच्च नेता आयातोल्लाह अली खामेनीको हत्या गरेको घटनालाई ट्रम्पले आफ्नो सफलताका रूपमा प्रस्तुत गरे । उनले इरानका 'धेरैजसो नेतृत्व तह समाप्त भइसकेको' दाबी गर्दै सैन्य प्रगतिको चर्चा गरे ।

तर इरानले पनि रणनीतिकरूपमा महत्त्वपूर्ण हर्मुज जलडमरूमध्यमा नियन्त्रण बढाउँदै प्रतिक्रिया दिएको छ, जुन विश्वको करिब पाँचौं भाग तेल आपूर्तिको प्रमुख मार्ग हो । यसको असर विश्वबजारमा देखिन थालेको छ- अमेरिकामा पेट्रोलको मूल्य वर्षौंपछि प्रतिग्यालन चार डलरभन्दा माथि पुगेको छ भने सेयरबजारमा गिरावट आएको छ ।

ट्रम्पको सम्बोधनपछि पनि बजारमा अनिश्चितता कायम रह्यो । बिहीबार प्रारम्भिक कारोबारमा तेलको मूल्य फेरि बढ्दा लगानीकर्ताहरू सतर्क देखिएका छन् । यसले युद्ध छिट्टै अन्त्य हुने अपेक्षामा शंका उत्पन्न गरेको छ । अमेरिकी सिनेटर क्रिस मर्फीले ट्रम्पको नीतिमा स्पष्टता नभएको टिप्पणी गरे । उनले ट्रम्पले युद्ध विस्तार गरिरहेका हुन् कि घटाइरहेका हुन् भन्ने कुरा अस्पष्ट रहेको बताउँदै सामाजिक सञ्जालमार्फत आलोचना गरे ।

यसैबीच, ट्रम्पले इरानसँग सम्झौता नभए थप कडा कदम चाल्ने चेतावनी दोहोर्‍याउँदै देशका ऊर्जा पूर्वाधारमाथि समेत आक्रमण गर्न सकिने संकेत गरेका छन् । यस्तो कदम अन्तर्राष्ट्रिय कानुनविपरीत हुन सक्ने र युद्ध अपराधको रूपमा व्याख्या हुन सक्ने चिन्ता व्यक्त गरिएको छ ।

'हामी उनीहरूलाई पाषाण युगमा फर्काउनेछौं,' उनले कडा भाषामा भने । जसले द्वन्द्वको स्वरूप अझ उग्र बन्न सक्ने संकेत दिएको छ । यद्यपि कूटनीतिक पहलको सम्भावनाबारे उनको सम्बोधनमा खासै उल्लेख थिएन ।

ट्रम्पले इरानी राष्ट्रपति मसुद पेजेस्कियानले युद्धविराम खोजिरहेको दाबी गरेका थिए, तर इरानको विदेश मन्त्रालयले उक्त दाबी अस्वीकार गर्दै अमेरिकामाथि 'अवास्तविक र अधिकतम दबाब' सिर्जना गरेको आरोप लगाएको छ ।

अमेरिकी सैन्य शक्तिमाथि विश्वास व्यक्त गर्दै ट्रम्पले 'सबै कार्डहरू अमेरिकासँगै रहेको' दाबी गरे । साथै उनले खाडी क्षेत्रका सहयोगी राष्ट्रहरूलाई आश्वस्त पार्ने प्रयास गर्दै उनीहरूलाई असफल हुन नदिने बताए, यद्यपि ती देशहरू इरानी प्रतिआक्रमणको प्रभावमा परिसकेका छन् ।

उनले युरोपेली सहयोगीहरूलाई समेत आलोचना गरे, जसले अमेरिकी युद्ध प्रयासलाई समर्थन नगरेको भन्दै असन्तुष्टि जनाए । खाडी क्षेत्रको तेलमा निर्भर राष्ट्रहरूले हर्मुज जलडमरूमध्यको सुरक्षामा ध्यान दिनुपर्ने उनको भनाइ थियो । *रासस/एएफपी*

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – २९४००० | प्रति तोला – ० | प्रति तोला – ४७८० |



**अग्रणीलाई सम्मान** नेपाल चेम्बर अफ कमर्सको ७५औं स्थापना दिवसको अवसरमा चेम्बर महिला विभागद्वारा बिहीबार काठमाडौंमा आयोजित 'अग्रणी महिला सम्मान' कार्यक्रममा सम्मानित व्यक्तित्वसँग सामूहिक पूर्वप्रथम राष्ट्रपति डा रामवरण यादव । *तस्बिरः प्रदीपराज वन्त/रासस*

# राजस्व चुहावट नियन्त्रणका लागि कार्ययोजना बनाएर काम गर्न निर्देशन

■ प्रभाव संवाददाता



**काठमाडौं–** अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले बिहीबार केन्द्रीय राजस्व चुहावट नियन्त्रण समितिको बैठकमार्फत राजस्व चुहावट नियन्त्रणका लागि कार्ययोजना बनाएर काम गर्न निर्देशन दिएका छन् ।

बैठकमा गृहमन्त्री सुधन गुरुङ, प्रतिनिधिसभाका सदस्य सुशील खड्का, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव, गृहसचिव, अर्थ सचिव, राजस्व सचिव, सुरक्षा निकायका प्रमुखहरू तथा सम्बन्धित विभागका महानिर्देशकहरूको उपस्थिति रहेको थियो । बैठकमा अर्थ मन्त्रालयअन्तर्गत राजस्व व्यवस्थापन महाशाखा प्रमुख उत्तरकुमार खत्रीले राजस्वको वर्तमान अवस्था, चुहावटका जोखिमयुक्त क्षेत्र, नियन्त्रणका लागि सम्बन्धित निकायको भूमिका, चुनौती तथा आगामी कार्यदिशाबारे प्रस्तुतीकरण गर्नुभएको थियो । सो क्रममा विभिन्न विभागीय प्रमुखहरूले आ-आफ्नो निकायबाट भएका प्रयास तथा देखिएका समस्याबारे जानकारी गराएका थिए ।

छलफलका क्रममा गृहमन्त्री गुरुङले सरकारी निकायहरूबीच जिम्मेवारी पन्छाउने र दोषारोपण गर्ने प्रवृत्ति अन्त्य गर्नुपर्नेमा जोड दिँदै राजस्व चुहावट नियन्त्रणका लागि समयसीमासहितको जिम्मेवारी निर्धारण गरी 'डेडिकेटेड एक्सन प्लान' तयार पार्न निर्देशन दिए । उनले नाकाहरूमा आवश्यक पूर्वाधार तथा उपकरणको व्यवस्था गर्न र सम्बन्धित निकायलाई साधन-स्रोत सम्पन्न बनाउनुपर्ने आवश्यकता औंल्याए ।

अर्थमन्त्री वाग्लेले प्रशासनले ठूला काम तथा घटनाहरू सफलतापूर्वक व्यवस्थापन गरे पनि नियमित प्रकृतिका काममा अपेक्षित सफलता हासिल गर्न नसक्नुको प्रमुख कारण 'मिसन मोडल'मा काम नगर्ने प्रवृत्ति रहेको उल्लेख गरे । उनले अब नियमित कार्य 'टास्क मोडल'मा सञ्चालन गर्न निर्देशन दिँदै राजस्व वृद्धि गर्न करको दर घटाउने र दायरा विस्तार गर्ने नीति अवलम्बन गरिने स्पष्ट पारे ।

त्यसैगरी, कर परिपालनाको वातावरण निर्माण गर्दै तस्करीमा संलग्न व्यक्ति, समूह वा वर्गलाई राज्यका नीतिमार्फत स्वरोजगार तथा उद्यमशीलतातर्फ आकर्षित गर्ने वातावरण तयार गरिने उनले बताए । बैठकले राजस्व चुहावट नियन्त्रणका लागि निकायगत जिम्मेवारी स्पष्ट गरी कार्ययोजना तयार पार्ने र आजैदेखि कार्यान्वयनमा लैजाने, ननफाइलर करदाताको सङ्ख्या घटाउने, बक्यौता असुली तथा बेरुजु फछ्र्यौटमा देखिने नतिजा ल्याउने, कर विवादका विषय शीघ्र टुंग्याउने, सम्बन्धित निकाय तथा जनशक्तिको क्षमता अभिवृद्धिमा जोड दिने तथा प्रणालीगत सुधारलाई निरन्तरता दिने निर्णय गर्दै बैठक सम्पन्न भएको मन्त्रालयका प्रवक्ता टंकप्रसाद पाण्डेयले जानकारी दिए ।

# विद्युत् सम्झौता र अनुमतिपत्रमा कमजोरी खोज्न समिति गठन

■ प्रभाव संवाददाता

**काठमाडौं–** ऊर्जा क्षेत्रमा देखिएका नीतिगत तथा कार्यान्वयनसम्बन्धी कमजोरी पहिचान गर्न सरकार सक्रिय भएको छ । यस क्रममा ऊर्जा, जलस्रोत तथा सिँचाइ क्षेत्रमा सुशासन सुदृढ गर्न विभिन्न अध्ययन समितिहरू गठन गरिएका छन् ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले मन्त्रिपरिषद्को यही चैत १३ गतेको निर्णय कार्यान्वयन गर्दै आफ्नो कार्यसम्पादनलाई थप प्रभावकारी, पारदर्शी र जवाफदेही बनाउन उक्त कदम चालेको जनाएको छ ।

मन्त्रालयले बिहीबार जारी गरेको प्रेस विज्ञप्तिअनुसार नेपाल विद्युत् प्राधिकरणबाट सम्पन्न भएका विद्युत् खरिद सम्झौता (पीपीए)हरूको नीतिगत, प्राविधिक र आर्थिक पक्षको विस्तृत अध्ययन गर्न सहसचिव डा राजन भट्टराईको संयोजकत्वमा छ सदस्यीय समिति गठन गरिएको छ ।

मन्त्रालयका प्रवक्ता सन्दिपकुमार देवले उक्त समितिले हालसम्म भएका पीपीएको अवस्थाको विश्लेषण गर्नुका साथै प्रक्रियामा देखिएका नीतिगत, प्राविधिक तथा कानुनी समस्या पहिचान गरी सुधारका लागि सिफारिस गर्ने जानकारी दिए । साथै, आगामी दिनमा पिपिए प्रक्रियालाई अझ पारदर्शी, प्रतिस्पर्धात्मक र राष्ट्रिय हितअनुकूल बनाउने उपायसमेत प्रस्ताव गर्ने जिम्मेवारी दिइएको उनले बताए ।

यसैगरी, विद्युत् विकास विभागबाट जारी भएका विभिन्न अनुमतिपत्रको वर्तमान अवस्था तथा प्रगतिबारे वस्तुगत समीक्षा गर्न अर्को समिति गठन गरिएको छ । सहसचिव मोहन शाक्यको संयोजकत्वमा गठित पाँच सदस्यीय उक्त समितिले अनुमतिपत्र जारी प्रक्रियामा रहेका नीतिगत, प्राविधिक, आर्थिक तथा कानुनी कमजोरीको पहिचान गरी आवश्यक सुधारका लागि सुझाव दिने प्रवक्ता देवको भनाइ छ ।

मन्त्रालयले यी समितिको अध्ययन प्रतिवेदनका आधारमा ऊर्जा क्षेत्रमा नीतिगत तथा कानुनी सुधार अगाडि बढाउने जनाएको छ ।

# तेस्रो राष्ट्रिय 'हर्टिकल्चर एक्स्पो' सुरु

**काठमाडौं (प्रस)–** तेस्रो 'नेशनल हर्टिकल्चर एक्स्पो-२०८२' सुरु भएको छ । बिहीबारदेखि भृकुटिमण्डपमा नर्सरी व्यवसायको प्रवर्द्धन, कृषि उद्यमशीलताको विकास तथा रोजगारी सिर्जना गर्ने उद्देश्यसहित 'एक्स्पो' आयोजना गरिएको हो । नर्सरी व्यवसायी सङ्घ नेपालको आयोजनामा सुरु भएको मेला पाँच दिनसम्म सञ्चालन हुनेछ । मेलाले स्वदेशी उत्पादनको प्रवर्द्धन र बजार विस्तारमा टेवा पुग्ने अपेक्षा गरिएको छ । मेलाको उद्घाटन गर्दै बागमती प्रदेशका कृषि तथा पशुपन्छी विकासमन्त्री मधुसुदन पौडेलले पुष्प व्यवसायमा युवालाई आकर्षित गर्न लक्षित कार्यक्रमलाई प्राथमिकता दिइने बताए ।

# १५ करोड लागतका ९९ सिँचाइ आयोजना कार्यान्वयन गरिँदै

**ढोरपाटन (प्रस)–** चालु आर्थिक वर्षमा गण्डकी प्रदेश सरकारमार्फत बागलुङमा ९९ सिँचाइ आयोजना सञ्चालनमा छन् । जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय बागलुङमार्फत उक्त आयोजना कार्यान्वयनमा आएका हुन् । प्रदेश सरकारले विनियोजन गरेको रु १५ करोड बढी लागतमा सिँचाइ आयोजनाको काम अगाडि बढाइएको हो ।

यस वर्षमा १४ वटा तटबन्धसहित ११३ आयोजना जिल्लामा रहेका छन् । तीमध्ये ६० वटा आयोजना उपभोक्ता समितिमार्फत काम भइरहेका छन् भने १६ वटा ठेक्कामार्फत काम भइरहेका जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय बागलुङका सूचना अधिकारी सुवोध नेपालले जानकारी दिए । उनका अनुसार ११ वटा आयोजना ठेक्का लगाउने प्रक्रियामा र बाँकी आयोजना सम्झौताको प्रक्रियामा छन् ।

नेपालले भने, 'यस वर्षका अधिकांश आयोजना कार्यान्वयनमा गइसकेका छन्, केही आयोजना सम्पन्न पनि भएका छन् । असार मसान्तभित्रै काम सक्नुपर्ने धेरैजसो आयोजनाको काम अहिले धमाधम भइरहेको छ ।'

जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय बागलुङका अनुसार जिल्लामा खेतीयोग्य जमिनको करिब २० प्रतिशत क्षेत्रफलमा मात्रै सिँचाइको सुविधा पुगेको छ । जिल्लामा कुल एक लाख ७८ हजार ४०० हेक्टर जमिन रहेकामा ४६ हजार १४८ हेक्टर जमिन खेतीयोग्य छ ।

हालसम्म छ हजार ९१३ हेक्टर क्षेत्रफल जमिनमा सिँचाइ सुविधा पुगेको छ भने बाह्रै महिना सिँचाइ हुने क्षेत्रफल भने दुई हजार ८१५ हेक्टर रहेको जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालयका सूचना अधिकारी नेपालले जानकारी दिए ।

## कर्पोरेट

### कजारिया अन्तर्राष्ट्रिय बजारमा उत्कृष्ट सावित




**काठमाडौं (प्रस)**–टायल उद्योगमा विश्वव्यापी रूपमा परिचित अग्रणी ब्रान्ड कजारियाले विभिन्न प्रतिष्ठित मान्यताहरू र अन्तर्राष्ट्रिय उपलब्धिहरूमार्फत आफ्नो उत्कृष्टताको विरासतलाई निरन्तर सुदृढ गर्दै नेपाल तथा अन्तर्राष्ट्रिय बजारमा आफ्नो स्थान अझ मजबुत बनाएको छ ।

विगतका वर्षहरूमा कजारियाले प्राविधिक नवप्रवर्तन, ठूलो उत्पादन क्षमता तथा सशक्त अन्तर्राष्ट्रिय पहुँचका आधारमा आफूलाई एक प्रमुख विश्वस्तरीय ब्रान्डका रूपमा स्थापित गरेको छ । लगातार १४ वर्षसम्म 'सुपरब्रान्ड' उपाधि प्राप्त गरेको कजारियाले, उपभोक्ताको विश्वास, स्थिरता र बजार नेतृत्वलाई प्रतिबिम्बित गर्छ । यसका साथै, कम्पनी 'एशियाको सबैभन्दा आशाजनक ब्रान्ड' को रूपमा सम्मानित भएको छ, जसले नवप्रवर्तन र उत्कृष्टतामार्फत क्षेत्रीय टायल उद्योगलाई दिशा दिन सक्ने यसको क्षमतालाई उजागर गर्दछ ।

आफ्नो विस्तार र प्रभावलाई प्रमाणित गर्दै कजारिया विश्वका ८औं ठूला टायल उत्पादक कम्पनीहरूमध्ये एकका रूपमा मान्यता प्राप्त गरेको छ, जसले यसको विश्वव्यापी उपस्थिति र उत्पादन क्षमतालाई दर्शाउँछ। कजारियाको गुणस्तरप्रतिको प्रतिबद्धता आईएसओ ९००१:२०१५ प्रमाणीकरणबाट पुष्टि हुन्छ, जसले उत्पादन तथा सञ्चालनमा विश्वस्तरीय मापदण्ड सुनिश्चित गर्दछ। त्यस्तै, आईएसओ १४००१:२०१५ प्रमाणीकरणले वातावरणीय जिम्मेवारी र दिगो अभ्यासप्रतिको यसको प्रतिबद्धतालाई झल्काउँछ। हरित र जिम्मेवार निर्माणप्रतिको आफ्नो ध्यानलाई थप सुदृढ गर्दै कजारिया भारतीय हरित भवन परिषद्को गर्विलो सदस्य पनि हो ।

यस उत्कृष्टताको विरासतलाई अझ सुदृढ बनाउँदै कजारियाले हालै एनएस क्वालिटी अवार्ड २०२६ प्राप्त गरेको छ, जसले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्डहरूको पालना गर्ने यसको प्रतिबद्धतालाई थप पुष्टि गर्नुका साथै यसलाई विश्वसनीय र विश्वस्तरीय टायल उत्पादकका रूपमा स्थापित गर्दछ ।

आफ्नो उपस्थिति अझ विस्तार गर्दै कजारियाले रमेश कर्पसँगको संयुक्त सहकार्यमा नेपालमै एक प्रमुख टायल उत्पादन उद्योग सञ्चालन गरिरहेको छ, जसको वार्षिक उत्पादन क्षमता ५.२ मिलियन वर्ग मिटर रहेको छ, जसले देशको औद्योगिक आत्मनिर्भरता अभिवृद्धिमा योगदान पुऱ्याइरहेको छ । अत्याधुनिक प्रविधिद्वारा सशक्त कजारियाको कुल वार्षिक उत्पादन क्षमता ८१.५५ मिलियन वर्ग मिटर पुगेको छ ।

कजारिया रमेश टाइल्स लिमिटेडले नेपालमै स्थापना गरेको देशकै सबैभन्दा ठूलो टायल उत्पादन उद्योगमार्फत टायल क्षेत्रमा नयाँ मापदण्ड स्थापित गरिसकेको छ। अत्याधुनिक प्रविधियुक्त यस उद्योगले अन्तर्राष्ट्रिय गुणस्तर कायम गर्दै ३,००० भन्दा बढी डिजाइन विकल्पहरू उपलब्ध गराउँदै आएको छ, जसले आन्तरिक सजावटलाई अझ आकर्षक र दीगो बनाउँछ । हाल कजारियाले नेपालभर १०० भन्दा बढी शोरूमहरूको सशक्त सञ्जाल विस्तार गरिसकेको छ ।

### हिलोरा हिल्स रिसोर्ट आईपीओ निष्काशनका लागि लक्ष्मी सन्राइज क्यापिटल नियुक्त




**काठमाडौं (प्रस)** – हिलोरा हिल्स रिसोर्ट लिमिटेडले साधारण शेयर निष्काशन गर्ने भएको छ । शेयर निष्काशन तथा बिक्री प्रबन्धकमा लक्ष्मी सन्राइज क्यापिटल लिमिटेडलाई नियुक्त गरेको छ ।

हिलोरा हिल्स रिसोर्ट लिमिटेडले सर्वसाधारणका लागि जारी गरिने रु.१००/– अंकित दरका ४०,००,००० कित्ताले हुन आउने रु.४०,००,००,०००/– रकम बराबरको साधारण शेयर निष्काशन गर्न निष्काशन तथा बिक्री प्रबन्धकमा लक्ष्मी सन्राइज क्यापिटल लिमिटेडलाई नियुक्त गरेको छ । उक्त शेयर निष्काशनका लागि हिलोरा हिल्स रिसोर्ट लिमिटेडको तर्फवाट संचालक ई.दिप विक्रम विष्ट तथा लक्ष्मी सन्राइज क्यापिटल लिमिटेडका तर्फवाट प्रमुख कार्यकारी अधिकृत बिजयलाल श्रेष्ठका बीच लक्ष्मी सन्राइज क्यापिटल लिमिटेड, नयाँ बानेश्वर, काठमाण्डौमा मिति २०८२ चैत्र १९ गते द्विपक्षिय सम्झौता पत्रमा हस्ताक्षर गरी निकट भविष्यमा उक्त साधारण शेयर निष्काशन गरिने सम्झौता गरियो ।

प्राकृतिक सौन्दर्यले भरिपूर्ण रहेको, काठमाडौं उपत्यकाको मनोरम दृश्य देखिने र पहाडहरूको बीचमा अलौकिक तरिकाबाट निर्माण भएको भक्तपुरमा स्थित हिलोरा हिल्स रिसोर्ट हो । सो हिलोरा हिल्स रिसोर्ट लिमिटेडमा १०० वटा भन्दा बढी राम्ररी सजिएका कोठाहरू र सो कोठाहरूबाट फरक समयमा फरक प्राकृतिक दृश्य देखिने गरी निर्माण गरिएको, स्काई भ्यू रेस्टुरेन्ट, ईन्डोर स्विमिंग पूल र पिकनिक स्पट रहेका छन् । रिसोर्टले १५०० देखि २००० व्यक्तिहरूका लागि भोज, सम्मेलन लगायतका कार्यक्रम संचालनका लागि समेत यो रिसोर्ट उपयुक्त रहेको छ ।

### बजाजको क्यूआर क्याम्पेन, भाग्य चम्काउन एक स्क्यान




**काठमाडौं (प्रस)** – नेपालका लागि बजाज मोटरसाइकलको आधिकारिक वितरक हंसरज हुलासचन्द एण्ड कम्पनी प्रा.लि.ले नयाँ वर्ष २०८३ को अवसरमा 'बजाज न्यू इयरको क्यूआर' नामक आकर्षक योजना सार्वजनिक गरेको छ ।

'अब क्युआर गरि क्यास तिर्ने हैन, क्यास जित्ने !' भन्ने नारासहित ल्याइएको यस योजनाले ग्राहकलाई डिजिटल माध्यममार्फत रमाइलो गर्ने मात्रै होइन पुरस्कार नै जित्ने अवसर प्रदान गर्ने लक्ष्य राखेको कम्पनीले जनाएको छ ।

यस योजना अन्तर्गत ग्राहकहरूले बजाजका आधिकारिक शोरुमहरू लगायत विभिन्न सञ्चार माध्यम तथा सामाजिक सन्जाल र अन्य जहाँसुकै राखिएको भएपनि क्यूआर कोड स्क्यान गरी गेम खेल्न सक्नेछन् । हरेक दिन सहभागीहरू मध्ये भाग्यशाली एक जना विजेताले स्मार्ट वाच जित्नेछन् । साथै, बजाज खरिदकर्ताले अधिकतम १ लाख रूपैयाँसम्म नगद पुरस्कार तथा अन्य आकर्षक उपहारहरू जित्ने अवसर पनि पाउनेछन् । कम्पनीका अनुसार हालसम्म क्यूआर कोड मुख्यतः भुक्तानीका लागि प्रयोग हुँदै आएकोमा अब ग्राहकहरूले सोही माध्यमबाट नगद जित्ने नयाँ र उत्साहजनक अनुभव लिन सक्नेछन् ।

गोल्छा ग्रुपका निर्देशक अभिमन्यु गोल्छाले यसबारे भने, 'डिजिटल प्रविधिको बढ्दो प्रयोगसँगै हामीले ग्राहकहरूलाई नयाँ र रोचक अनुभव दिन खोजेका हौं । क्यूआर स्क्यान गरेर नगद जित्ने अवसरले ग्राहकहरूलाई थप उत्साहित बनाउने विश्वास लिएका छौं ।'

# नेप्से परिसूचकमा सामान्य अंकको वृद्धि

**काठमाडौं (प्रस)–** यो साता कारोबारको अन्तिम दिन नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा सामान्य अंकको सुधार देखिएको छ । बिहीबार नेप्से परिसूचक पाँच दशमलव ८२ अंकले बढेर दुई हजार ७८२ दशमलव १८ को बिन्दुमा कायम भएको हो । ३२८ कम्पनीको दुई करोड १३ लाख १८ हजार ९२९ कित्ता शेयर एक लाख तीन हजार २२५ पटक खरिदबिक्री हुँदा रु आठ अर्ब ८१ करोड ९७ लाख २३ हजार ३३५ दशमलव २९ को कारोबार भएको नेप्सेले जनाएको छ ।

कारोबारमा बैंकिङ शून्य दशमलव ११, वित्त शून्य दशमलव ८७, जीवन बिमा शून्य दशमलव १९, लघुवित्त शून्य दशमलव २९, निर्जीवन बिमा शून्य दशमलव ३३ र अन्य समूहको उपसूचक शून्य दशमलव शून्य दुई प्रतिशतले घटेको छ । अरु सबै समूहको उपसूचक बढेको छ ।

विकास बैंक शून्य दशमलव ४८, होटल तथा पर्यटन शून्य दशमलव ३९, जलविद्युत् शून्य दशमलव शून्य पाँच, लगानी शून्य दशमलव १५, उत्पादन तथा प्रशोधन एक दशमलव ७६, म्युचुअल फण्ड शून्य दशमलव १२ र व्यापार समूह दुई दशमलव ५३ प्रतिशतले बढेको छ ।

कारोबारमा रिलायन्स स्पिनिङ मिल्स लिमिटेड, रिजलाइन इनर्जी लिमिटेड र सूर्यकुण्ड हाइड्रोइलेक्ट्रिक लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा बढी भूगोल इनर्जी डेभलपमेन्ट कम्पनी लिमिटेडको शेयर मूल्य तीन दशमलव शून्य छ प्रतिशतले घटेको छ ।

कारोबार रकमका आधारमा सबैभन्दा बढी एसवाई प्यानल नेपाल लिमिटेडको रु ३५ करोड ७० लाख १२ हजार ५८९ बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर सङ्ख्याका आधारमा सबैभन्दा बढी कुमारी बैंक लिमिटेडको १० लाख ७९ हजार ९२१ कित्ता शेयर किनबेच भएको छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ